का.जि.प्र.का.द.नं. १००/०५२/६०
४ भदौ २०८३
बिहीबार
20 August 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २१० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

बालेन गयल

दलको नेता अभ्यास गर्दै रवि

एकातिर बालेनबिनाको बैठकले संसदीय दलको विधान संशोधन गर्ने प्रक्रिया अघि बढाएको छ । अर्कोतिर, आफूलाई बोधार्थ दिएर मन्त्रीहरूलाई प्रश्न लेख्न निर्देशन दिँदै रवि लामिछानेले शक्ति अभ्यासमा रहेको प्रस्ट सन्देश दिएका छन् ।

रास्वपाको आन्तरिक सत्ता संघर्षले पनि नेपालको राष्ट्रियतामाथि गम्भीर संकट आउनसक्ने चिन्ता बढाएको छ ।

रामबहादुर थापा 'बादल'
संसदीय दलका नेता, एमाले

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ३ भदौ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को संसदीय दलका नेता हुन्, प्रधानमन्त्री वालेन्द्र शाह । तर, बुधबार सिंहदरबार स्थित संसदीय दलको कार्यालयमा पार्टीका सांसद र मन्त्रीलाई एउटै ठाउँमा राखेर निर्देशन दिने भूमिकामा देखिए पार्टी सभापति रवि लामिछाने ।

स्वयं लामिछानेले पनि बैठकपछि पत्रकारहरूसँग कुरा गर्दै 'संसदीय दलको बैठक भए संसदीय दलको नेता तथा प्रधानमन्त्री उपस्थित हुने' भनेर अनौपचारिक छलफल गरेको प्रस्टीकरण दिए । तर, त्यही बैठकले संसदीय दलको विधान संशोधन गर्न कार्यदल गठन गर्ने निर्णय गरेको छ । यो निर्णयले लामिछानेको दावी स्वतः काट्छ ।

उक्त बैठकमा सांसदहरूले आफ्ना निर्वाचन क्षेत्रका विषयदेखि राष्ट्रिय राजनीतिसम्मका विषय उठाए । अनि मन्त्रीहरूले आफूसम्बद्ध प्रश्नको जवाफ दिए । अन्तिममा मन्त्री र सांसद सबैलाई लामिछानेले सम्बोधन गरे । मन्त्रीहरूको काममा सांसदहरूले नै प्रश्न उठाउने अवस्था आएको भनेर कार्यशैली सुधार्न निर्देशन दिए । तर, तत्काल मन्त्री फेरबदल नहुने संकेत गरे ।

यो काम गर्ने जिम्मेवारी र दायित्व संसदीय दलका नेता र प्रधानमन्त्रीको हो । मन्त्रीहरूलाई कमान्ड गर्ने पनि प्रधानमन्त्रीले हो । बुधबार यस्तो भूमिकामा रवि लामिछाने आफूलाई प्रस्तुत गरेका हुन् ।

यति मात्रै होइन, बालेनबिनाको बैठकले दलको विधान संशोधन गर्ने प्रक्रियासमेत अघि बढाएको छ । रास्वपा संघीय संसदीय दलको विधान संशोधनका लागि मुख्य सचेतक कवीन्द्र बुर्लाकोटीको संयोजकत्वमा कार्यदल गठन गरिएको हो । कार्यदलमा प्रकाशचन्द्र परियार, क्रान्तिशिखा धिताल र गणेश कार्की सदस्य छन् । कार्यदललाई सात दिनको समय दिइएको छ ।

यसअघि पनि रास्वपाको विधानलाई लिएर विवाद भएको थियो । संशोधित विधानमा पार्टी सभापतिलाई संसदीय दलसँग समन्वय गर्ने मात्र होइन, पार्टीको आधिकारिक नीति, निर्णय र दृष्टिकोण संसद्मा प्रभावकारी रूपमा कार्यान्वयन गराउन संसदीय दललाई मार्गनिर्देशन गर्न सक्ने व्यवस्था राखिएको छ । सभापतिको पृष्ठ २ मा

विवादमा प्रधानन्यायाधीश

सरकारी स्वार्थका मुद्दा विधि मिचेर आफूअनुकूल इजलासमा

सरकारका निर्णयसम्बन्धी मुद्दा विधि र प्रक्रिया मिचेर आफू अनुकूलको इजलासमा तान्नुले प्रधानन्यायाधीशको नियतमाथि नै प्रश्न उठेको छ ।

संवैधानिक इजलास कि त वरिष्ठता वा गोलाप्रथाबाट तय हुनुपर्छ । अब त प्रधानन्यायाधीशले निश्चित मुद्दाहरू टिप्पणी उठाएर संवैधानिक इजलासमा पुऱ्याउन पनि थाल्नुभयो । यो विधि र प्रक्रियाविपरीत छ ।

प्रा.डा. विजय मिश्र
अध्यक्ष
नेपाल बार एसोसिएसन

बेन्चको अधिकार न्यायालय प्रशासनले खोस्न मिल्दैन । उद्देश्य त थाहा भएन, तर यस्ता कामले नेतृत्वको नियतमाथि प्रश्न उठाएका छन् ।

गोपालकृष्ण घिमिरे
पूर्वअध्यक्ष
नेपाल बार एसोसियसन

जनक नेपाल/मध्यान्ह
काठमाडौं, ३ भदौ

प्रधानन्यायाधीश डा.मनोजकुमार शर्माले सर्वोच्च अदालतको नेतृत्व सम्हालेको तीन महिनामै इजलास गठन र मुद्दा व्यवस्थापनलाई लिएर विवादमा परेका छन् । निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन खारेजीसम्बन्धी रिटमा वरिष्ठता मिचेर संवैधानिक इजलास गठन गरेको र सम्पत्ति छानबिन आयोगविरुद्धका रिट आफ्नो नेतृत्वको इजलासमा पेस भएको विषयमा उनको भूमिकामाथि प्रश्न उठेको हो ।

शर्मा १३ जेठमा प्रधानन्यायाधीश नियुक्त भएका हुन् । उनीभन्दा वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल, कुमार रेग्मी र हरिप्रसाद फुयाँललाई पछि पार्दै संवैधानिक परिषद्ले शर्माको नाम सिफारिस गरेको थियो । वरिष्ठताको परम्परा मिचेर चौथो वरीयताका न्यायाधीशलाई प्रधानन्यायाधीश बनाइएको भन्दै त्यतिबेलै प्रश्न उठेको थियो ।

प्रधानन्यायाधीश नियुक्त भएको एक सातामै संवैधानिक इजलास गठनको विषयमा विवाद देखियो । निजामती कर्मचारीको ट्रेड युनियन खारेजीविरुद्धको रिटमा प्रारम्भिक सुनुवाइका क्रममा २८ वैशाखमा तत्कालीन कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लसहितको संवैधानिक इजलासले सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको थियो । मल्ल, कुमार रेग्मी र हरिप्रसाद फुयाँल आदेशको पक्षमा थिए भने विनोद शर्मा र शारंगा सुवेदीले फरक मत राखेका थिए । पृष्ठ २ मा

निजी जीवनमाथि छापा

प्रहरीले होटलमा छापा मार्दै युवायुवतीलाई बर्सौंदेखि पक्राउ गर्दै आइरहेको छ । काभ्रेको घटनामा स्थानीयले नै प्रहरीलाई होटलको कोठामा फेला पारेपछि भने गोपनीयताको विषय बहसमा आएको छ ।

सार्वजनिक पदमा रहेका व्यक्तिका गतिविधिमा स्वाभाविक रूपमा जनचासो हुन्छ । उनीहरू सजग र जिम्मेवार हुनुपर्छ । अहिलेको घटनामा प्रहरी अधिकारीले अनुशासन मिचेको हो वा होइन, विभागले स्पष्ट पार्नुपर्छ ।

हेमन्त मल्ल
पूर्वडिआइजी, नेपाल प्रहरी

निजी जीवनसँग सम्बन्धित सामग्री सार्वजनिक हुँदा महिलाहरूमाथि मानसिक उत्पीडन थपिन सक्छ । महिलाको निजी विषय सार्वजनिक गरेर थप सामाजिक दबाबमा पार्नुहुँदैन । सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्ता गम्भीर हुनुपर्छ ।

सविता गौतम, कानुनमन्त्री

भावना पाठक/मध्यान्ह
काठमाडौं, ३ भदौ

सामाजिक सञ्जालमा १ भदौको बिहान एउटा भिडियो तीव्र गतिमा फैलियो । भिडियोमा केही युवाले होटलको कोठाको ढोका खोल्न लगाइरहेका छन् । भित्र प्रहरी नायब निरीक्षक (सई) गणेशप्रसाद श्रेष्ठ र एक युवती देखिन्छन् । युवाहरूले उनीहरूसँग प्रश्न गरिरहेका छन् । मोबाइलका क्यामेरा लगातार चलिरहेका छन् । केहीबेरमै त्यो भिडियो सामाजिक सञ्जालमा छ्याप्छ्याप्ती भयो ।

घटना भने अघिल्लो रात अर्थात् ३१ साउन आइतबारको हो । काभ्रेको भकुन्डेबेसीस्थित प्रहरी चौकीका इन्चार्ज श्रेष्ठ होटलमा ती युवतीसँग बसेका थिए । उनीसँगै भेटिएकी युवती गत २१ फागुनको निर्वाचनमा म्यादी प्रहरीका रूपमा कार्यरत थिइन् । उनको म्यादी प्रहरी छनोट प्रक्रियामा सई श्रेष्ठ पनि संलग्न थिए ।

स्थानीयका अनुसार त्यही क्रममा उनीहरूबीच निकटता बढेको थियो । पाँचखालकी ती युवती श्रेष्ठलाई भेट्न भकुन्डेबेसी आउने गरेको स्थानीयको दावी छ । स्थानीय युवाले आइतबार राति उनीहरू होटलमा रहेको जानकारी पाए । त्यसपछि केही युवा होटल पुगे । होटलको कोठा घेरे । ढोका खोल्न लगाए । अनि सुरु भयो प्रश्नोत्तर । स्थानीयले मोबाइलमा भिडियो खिचे । केहीबेरमै उक्त भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भयो ।

भिडियो खिच्ने युवाहरूले 'अनुहार देखाउनुस्', 'के हो पारा ?', 'श्रीमती छ कि छैन ?', 'महिलाको पनि अनुहार पृष्ठ २ मा

गोपनीयताको हकबारे कानुनमा के छ ?

मुलुकी अपराध संहिता २०७४ को दफा २१९ (२) बमोजिम कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा १८ वर्षभन्दा कम उमेरको कुनै बालबालिकालाई करणी गरेमा जबर्जस्ती करणी गरेको मानिन्छ । कानुनले वयस्क उमेरका युवायुवतीलाई शारीरिक सम्बन्ध राख्न खुला छ भनेर सजिलो भाषामा लेखेको त छैन, तर मञ्जुरी भन्ने शब्दले यसलाई केही लचक बनाएको पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

भिजिट भिसामा विदेश गएका ७५ प्रतिशत नेपाली फर्किदैनन् स्वदेश

मध्यान्ह संवाददाता
काठमाडौं, ३ भदौ

नेपालबाट भिजिट भिसा प्रयोग गरी विदेश जानेमध्ये ७५ प्रतिशत नागरिक स्वदेश नफर्किएको देखिएको छ । सरकारी निकायहरूको कार्य तथा आर्थिक प्रणालीको परीक्षण गर्ने संवैधानिक निकाय महालेखापरीक्षकको अध्ययनमा उक्त अवस्था देखिएको हो ।

अध्यागमन ऐन, २०४९ अनुसार अध्यागमन विभागले नेपाली नागरिकहरूको स्वदेश आगमन र विदेश प्रस्थानलाई व्यवस्थित गर्ने काम गर्दै आएको छ । अध्यागमन विभागको सोही व्यवस्थालाई कार्यान्वयन गर्न अध्यागमन कार्यविधि, २०६५ लागू गरिएको छ ।

विभागका अनुसार गत वर्ष १ लाख ४९ हजार ७ सय ८९ पुरुष र १ लाख ११ हजार ७ सय ६२ महिला गरी २ लाख ६१ हजार ५ सय ५१ जना नेपाली भिजिट भिसामा विदेश भ्रमणमा गएका थिए ।

विभागबाट भिजिट भिसामा विदेश भ्रमणमा जानेहरूको महिनाको एक जनाको दरले १२ जनाको नमुना छनोट गरी परीक्षण गरिएको भन्दै महालेखापरीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदनमा १२ मध्ये ९ जना भ्रमणपश्चात् स्वदेश फर्केको नदेखिएको उल्लेख गरेको छ ।

उल्लिखित अवस्थाले भिजिट भिसामा ठुलो संख्यामा नेपालीहरू विदेश प्रस्थान गर्ने र सोही अनुपातमा आगमन भएको नदेखिँदा यसमा नियमन गर्नुपर्ने प्रतिवेदनको निष्कर्ष छ । नेपालबाट पृष्ठ २ मा

'विदेशमा रहेका नेपालीको समस्या समाधान प्राथमिकतामा'

काठमाडौं/मस– परराष्ट्रमन्त्री शिशिर खनालले विदेशमा रहेका नेपाली नागरिकले भोग्दै आएका समस्या समाधानलाई मन्त्रालयले उच्च प्राथमिकतामा राखेको बताएका छन् ।

हाल विभिन्न देशमा नेपाली राजदूतको नियुक्ति नहुँदा द्विपक्षीय कूटनीतिकसहित श्रम कूटनीतिका काम प्रभावित भएका छन् । सिंहदरबारमा बुधबार सञ्चारकर्मीसँग कुराकानी गर्दै मन्त्री खनालले नेपाली दूतावासमा राजदूत नियुक्तिका लागि प्राप्त सिफारिस तथा आवेदनमाथि आवश्यक छलफल गरी निष्कर्षमा पुग्ने चरणमा रहेको बताए ।

मन्त्री खनालले विदेशस्थित नेपाली नागरिकलाई आवश्यक सहयोग र सहजीकरण उपलब्ध गराउन मन्त्रालयको उपलब्ध स्रोत, साधन र क्षमताअनुसार निरन्तर काम भइरहेको जानकारी दिए । रिक्त कूटनीतिक पदमा नियुक्ति प्रक्रिया अघि बढ्नुका साथै विदेशमा रहेका नेपाली नागरिकको संरक्षण तथा द्विपक्षीय सम्बन्ध सुदृढीकरणलाई समानान्तर रूपमा अघि बढाइएको मन्त्री खनालको भनाइ छ । वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको ठुलो संख्याले नेपाली कूटनीतिक नियोगहरूको अक्षमताका कारण सहज रूपमा सेवा पाउन नसकेको गुनासो गरिरहेका छन् ।

नागरिकमैत्री : सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं ।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
४ भदौ २०८३ बिहीबार
20 August 2026 Thursday

नेताको...
मार्गनिर्देशन पालना गर्नु संसदीय दल, संसदीय दलका नेता र सदस्यहरूको कर्तव्य हुने प्रावधान राखिएको छ।

यसप्रति बालेन पक्षधर नेताहरूले सार्वजनिक रूपमै आपत्ति जनाइरहेका बेला बालेनबिनै संसदीय दलको कार्यदलमा संसदीय दलकै छनक दिने गरी बैठक बस्यो र विधान संशोधन गर्न कार्यदल नै गठन गऱ्यो। अर्थात्, पार्टी सभापति लाछिनेले आफू कार्यकारी अभ्यासमा रहेको प्रस्ट सन्देश दिए। यसको अर्को बलियो प्रमाण हो, पार्टी सभापति लामिछानेले सांसदहरूलाई मन्त्रीलाई लेखिने प्रश्नको बोधार्थ आफूलाई पनि दिन भनेका छन्। 'सभापतिलाई बोधार्थ दिएर मन्त्रीहरूलाई प्रश्न लेख्नुस्, म पनि अध्ययन गर्छु' भन्दै लामिछानेले शक्ति अभ्यासमा रहेको प्रस्ट सन्देश दिएका हुन्।

यसबाहेक पार्टी सभापति लामिछानेले संसद्मा नियमित उपस्थित हुन, अमर्यादित गतिविधि नगर्न, आफूले बोल्ने विषय र गर्ने गतिविधिमा जिम्मेवार बन्न तथा प्रचारभन्दा परिणाममा ध्यान दिन निर्देशन दिए। लामिछानेले मन्त्री र सांसदहरूलाई भनेका छन्, 'अमर्यादित गतिविधि गरेर रमिता नदेखाउनुस्।'प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा लामिछाने नै रास्वपाको संसदीय दलको नेता थिए। यसकारण संसद् र संसदीय दलको राजनीतिक सञ्चालन लामिछानेका लागि नयाँ अभ्यास होइन।

विवादमा...
तर, २० जेठमा प्रधानन्यायाधीश शर्माले यही मुद्दाको सुनुवाइका लागि वरिष्ठता मिचेर आफूअनुकूल इजलास गठन गरे। वरिष्ठतम न्यायाधीश रेग्मी र फुयाँललाई संवैधानिक इजलासमा नराखी नहकुल सुवेदी, विनोद शर्मा, अब्दुल अजिज मुसलमान र महेश शर्मा पौडेललाई समेटे। अघिल्लो सुनुवाइमा सरकारको निर्णय तत्काल रोक्न नहुने राय राखेका न्यायाधीश विनोद शर्मा पनि नयाँ इजलासमा परे।

वरिष्ठता मिचेर गठन गरिएको इजलासप्रति नेपाल बार एसोसिएसनले तत्काल आपत्ति जनाएको थियो। बार अध्यक्ष प्रा.डा. विजयप्रसाद मिश्रले संवैधानिक इजलास वरिष्ठताका आधारमा वा गोलाप्रथाबाट गठन हुनुपर्ने बताउँदै प्रधानन्यायाधीशले आफूखुसी न्यायाधीश छनोट गरेको आरोप लगाउँछन्। 'संवैधानिक इजलास कि त वरिष्ठता वा गोलाप्रथाबाट तय हुनुपर्छ भन्ने हाम्रो आधिकारिक मान्यता हो,' उनी भन्छन्, 'अब त प्रधानन्यायाधीशले निश्चित मुद्दाहरू टिप्पणी उठाएर संवैधानिक इजलासमा पुऱ्याउन पनि थाल्नुभयो। यो विधि र प्रक्रियाविपरीत छ।' वरिष्ठता मिचेर नियुक्त गर्ने, प्रधान्यायाधीशले आफूखुसी संवैधानिक इजलास गठन गर्ने र इजलासका आदेश सच्याएर आफूअनुकूलको इजलासमा लैजाने गर्न थालेपछि बार एसोसिएसन चुप लागेर नबस्ने उनी बताउँछन्।

आफूअनुकूल इजलास गठन गरे पनि कर्मचारी ट्रेड युनियन खारेजीसम्बन्धी रिटमा २७ जेठमा बहुमतबाट अघिल्लो अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता नदिने आदेश गर्नुपऱ्यो। प्रधानन्यायाधीश शर्मा, विनोद शर्मा र अब्दुल अजिज मुसलमान बहुमतमा रहे भने नहकुल सुवेदी र महेश शर्मा पौडेलले फरक राय राख्दै अन्तरिम आदेशलाई निरन्तरता दिनुपर्ने मत राखे। मुद्दाको अन्तिम फैसला भने भइसकेको छैन।

इजलास गठनकै विषयमा अर्को प्रश्न सम्पत्ति छानबिन आयोगविरुद्धका रिटमा उठेको छ। अधिवक्ता डा.प्रेमराज सिलवालले दायर गरेको आयोगविरुद्धका दुई रिटमा ३० वैशाखमा न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले विपक्षीलाई कारण देखाउ आदेश दिएको थियो। रिटमा आयोगको गठन तथा न्यायाधीश र पूर्वन्यायाधीशको सम्पत्ति छानबिन गर्ने अधिकारमाथि प्रश्न उठाइएको थियो।

सरकारले २०६२/६३यता सार्वजनिक पदमा पुगेका पदाधिकारीको सम्पत्ति छानबिन गर्न गठन गरेको छ। न्यायाधीशहरू टेकप्रसाद ढुंगाना र श्रीकान्त पौडेलको इजलासले २६ असारमै आयोग गठन र क्षेत्राधिकारमाथि प्रश्न उठाउँदै 'पूर्ण इजलासबाट अन्तिम टुंगो नलाग्दासम्म कसैलाई पनि सम्पत्ति विवरण पेस गर्न बाध्य नपार्नू' भनी अन्तरिम आदेश दिएको थियो। संवैधानिक आयोग अख्तियार हुँदाहुँदै आयोग गठन गर्नु नै संविधान र कानुनअनुकूल हो कि होइन भनी प्रश्न उठाएको छ। साथै, पेस गरिएका सम्पत्ति विवरण छानबिन नगरी यथास्थितिमा राख्न र कसैलाई पनि कानुनी कारबाहीको सिफारिस नगर्न पनि भनेको थियो। अध्यक्षको नियुक्तिप्रति पनि टिप्पणी गरेको छ। नेपालको संविधानको धारा १३२मा 'प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीश भइसकेको व्यक्ति यस संविधानमा अन्यथा उल्लेख भएकोमा बाहेक कुनै पनि सरकारी पदमा नियुक्तिका लागि ग्राह्य हुने छैन,' भनिएको छ। सर्वोच्चका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारी आयोगका अध्यक्ष हुनुलाई संवैधानिक व्यवस्थाविपरीत मानिएको छ।

सिलवालले पछि सर्वोच्च प्रशासनको मुद्दा व्यवस्थापन प्रक्रियामाथि समेत प्रश्न उठाएका छन्। २६ असारमा संयुक्त इजलासले दुई रिटलाई पूर्ण इजलासमा पेस गर्ने आदेश दिएको थियो। तर, प्रशासनिक टिप्पणीका आधारमा ती मुद्दा संवैधानिक इजलासमा पठाइएको उनको दाबी छ। यसविरुद्ध उनी दुईवटा रिट लिएर सर्वोच्च पुगेका थिए। तर, नयाँ रिट दर्ता गर्न प्रशासनले अस्वीकार गऱ्यो। कानुनअनुसार दिइनुपर्ने दरपिठसमेत नदिएको भन्दै उनले हुलाकमार्फत प्रधानन्यायाधीशसमक्ष निवेदन पठाएका छन्। साथसाथै, यसले संयुक्त इजलासले गरेको आदेश प्रशासनिक टिप्पणीबाट परिवर्तन गर्न मिल्छ कि मिल्दैन भन्ने विषय आफैं न्यायिक परीक्षणको विषय बन्न पुगेको छ। 'बेन्चको अधिकार प्रशासनले खोस्न मिल्दैन,' नेपाल बारका पूर्वअध्यक्ष गोपालकृष्ण घिमिरे भन्छन्, 'उद्देश्य थाहा भएन। तर, यस्ता कामले नेतृत्वको नियतमाथि प्रश्न उठाएका छन्।'

निजी...
देखाउ' भन्दै केरकार गरिरहेका थिए। युवतीलाई पक्राउ गर्न महिला प्रहरी बोलाउनुपर्ने उनीहरूको माग थियो। होटलमा उनीहरू आपसी सहमतिमै बसेका थिए वा घटनाको अन्य कुनै पाटो थियो भन्ने विषय भने अनुसन्धानकै क्रममा छ। तर, स्थानीयले 'रंगेहात फेला पारेको'भन्दै उनीहरूको हुर्मत लिएका छन्।

भिडियोमा श्रेष्ठ कोठाबाट बाहिर निस्किन खोजिरहेको जस्तो देखिन्छ भने ओछ्यानमा रहेकी महिला अनुहार छोपेर बसेकी छिन्। भिडियो खिच्ने क्रममा ती महिलाको अनुहारमा समेत मोबाइल केन्द्रित गरिएको देखिन्छ। महिलाले अनुहार लुकाउने प्रयास गरे पनि उनको पहिचान खुल्नेगरी भिडियो खिचिएको देखिन्छ। घटनाको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि गोपनीयताको हकको बहस सुरु भएको छ।

होटलमा सँगै बसेकै आधारमा युवतीलाई पक्राउ गर्नुपर्ने कानुनी आधार नभएकाले सोधपुछपछि उनलाई घर पठाइएको जिल्ला प्रहरी कार्यालय काभ्रेपलान्चोकका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डिएसपी) रविन विष्टले बताए। अर्थात्, उनले गैरकानुनी काम गरेकी थिइनन्। भिडियो सार्वजनिक भएपछि सामाजिक सञ्जालमा घटनालाई लिएर मिश्रित प्रतिक्रिया आएका छन्। कतिपयले सार्वजनिक पदमा रहेका प्रहरी अधिकृतले आफ्नो पदीय मर्यादा र आचरणको ख्याल गर्नुपर्ने टिप्पणी गरेका छन्। अर्कोतर्फ, होटलमा कसैसँग बस्दैमा त्यसलाई अपराध वा चरित्रसँग जोड्न नहुने र व्यक्तिको निजी जीवनको सम्मान गर्नुपर्ने धारणा राखेका छन्।

प्रहरीको आचरणले समग्र संगठनको छविमा समेत प्रभाव पार्ने हुँदा पदमा रहेका व्यक्तिहरू जिम्मेवार हुनुपर्ने नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल बताउँछन्। 'सार्वजनिक पदमा रहेका व्यक्तिका गतिविधिमा स्वाभाविक रूपमा जनचासो हुन्छ,' उनी भन्छन्, 'यस्ता मामलामा उनीहरू थप सजग र जिम्मेवार हुनुपर्छ। अहिलेको घटनामा प्रहरी अधिकारीले अनुशासन मिचेको हो वा होइन, विभागले स्पष्ट पार्नुपर्छ।'

सार्वजनिक पदमा रहेको व्यक्तिमाथि प्रश्न गर्दा जिम्मेवारीमा नरहेका व्यक्तिको गोपनीयता भंग गर्न नहुने उनको भनाइ छ। 'आरोप लाग्नेबित्तिकै दोषी हुन्छन् भन्ने हुँदैन,' मल्ल भन्छन्, 'अनुसन्धानको प्रक्रियामा रहेका हरेक व्यक्तिको गोपनीयताको संरक्षण हुनुपर्छ।' सार्वजनिक पदमा बसेको व्यक्तिमाथि पनि अनुसन्धान हुन्छ, तर आरोप लाग्नेबित्तिकै अपराधी बनाउन नहुने उनको धारणा छ।

'कसैको अनुमतिबिना व्यक्तिगत भिडियो वा फोटो सार्वजनिक गर्नु अपराध हो, यदि मिडिया आफ्नो दायराभन्दा बाहिर गएको हो भने प्रेस काउन्सिलले कारबाही गर्नुपर्छ, मिडियाभन्दा बाहिरबाट यस्ता सामग्री आएको हो भने साइबर ब्युरोले यो विषयमाथि अनुसन्धान गर्नुपर्छ,' मल्लले भने।

कसैको व्यक्तिगत जीवनका घटना सार्वजनिक गर्दा मर्यादा ख्याल गर्नुपर्ने आवाज उठ्दै आएको छ। कानुनमन्त्री सोविता गौतम व्यक्तिको गोपनीयतामाथि जथाभावी हस्तक्षेप गर्ने अधिकार नभएको बताउँछिन्। सार्वजनिक सरोकारको विषय उठाउँदा व्यक्तिको गोपनीयता र मर्यादाको सीमालाई पनि उत्तिकै ख्याल गर्नुपर्ने उनको भनाइ छ। 'विशेषगरी महिलाको निजी जीवनसँग सम्बन्धित सामग्री सार्वजनिक गर्दा त्यसले उनीहरूमाथि थप मानसिक उत्पीडन निम्त्याउन सक्छ,' मन्त्री गौतमले भनिन्, 'महिलाको निजी विषय सार्वजनिक गरेर थप सामाजिक दबाबमा पार्नुहुँदैन। यसका लागि सञ्चारमाध्यमसँगै सामाजिक सञ्जाल प्रयोगकर्ताले पनि आफ्नो जिम्मेवारीबारे गम्भीर हुनुपर्छ।'

भिडियो सार्वजनिक भएपछि आफ्नो गोपनीयता भंग भएको भन्दै युवतीले काभ्रे प्रहरीमा उजुरी दिएकी छिन्। जाहेरी परेसँगै प्रहरीले अनधिकृत रूपमा भिडियो खिच्ने तथा उक्त भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गर्ने र फैलाउने व्यक्तिहरूमाथि कानुनी कारबाहीको प्रक्रिया अघि बढाएको छ। डिएसपी विष्टका अनुसार, युवतीको जाहेरीका आधारमा फौजदारी कसुरअन्तर्गत अनुसन्धान थालिएको हो।

'प्रहरीले वैयक्तिक गोपनीयताविरुद्धको कसुर, साइबर अपराध र अभद्र व्यवहारका कोणबाट अनुसन्धान गरिरहेको छ', डिएसपी विष्टले भने, 'भिडियो खिच्नेदेखि, सामाजिक सञ्जालमा सार्वजनिक गर्ने र फैलाउने सबैलाई अनुसन्धानको दायरामा ल्याइनेछ।' भिडियो खिच्ने र सार्वजनिक गर्नेहरूको खोजी भइरहेको उनले बताए।

घटनामा मुछिएका सई श्रेष्ठको हकमा प्रहरीले आन्तरिक छानबिनसमेत अघि बढाएको छ। डिएसपी विष्टकै नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन भएको हो। समितिले श्रेष्ठको पदीय आचरण तथा अनुशासनका विषयमा अनुसन्धान गरिरहेको छ। छानबिन समितिको प्रतिवेदनका आधारमा श्रेष्ठ दोषी देखिए उनीमाथि विभागीय कारबाही हुने प्रहरीले भनेको छ।

यसै घटनामा रास्वपाका सांसद गणेश कार्कीले पनि आफ्नो धारणा सार्वजनिक गरेका छन्। उनले गोपनीयताको ख्याल गर्नुपर्ने कुरा कानुनमै भएको स्मरण गराउँदै सचेत हुन सबैलाई आग्रह गरे। 'यदि पीडकको परिचय दिँदा पीडितको परिचय खुल्ने भए पीडकको पनि परिचय गोप्य राख्नुपर्छ,' उनी भन्छन्, 'प्रेस स्वतन्त्रताको सीमा कहाँसम्म हो? कुनै घटनामा सार्वजनिक चासो जोडिँदैमा त्यससँग सम्बन्धित व्यक्तिको निजी जीवन र गोपनीयताको अधिकार कहाँसम्म सार्वजनिक बहसको विषय बन्न सक्छ? यस विषयमा बहस गर्ने बेला भएको छ।'

काठमाडौं उपत्यकाका ठमेल, नयाँ बसपार्कजस्ता भिड हुने क्षेत्रमा प्रहरीले यसरी नै छापा मार्दै आइरहेको छ। यसले उमेर पुगेका युवायुवतीको व्यक्तिगत स्वतन्त्रतामाथि हस्तक्षेप भएको प्रश्नसमेत बेलाबेला उठ्ने गरेको छ। समाजलाई विकृत हुन नदिन यस्तो कदम चाल्न बाध्य भएको भनेर प्रहरीले यसबारे एउटै जवाफ दिँदै आएको छ। तर, समाजलाई नैतिक पाठ सिकाउने जिम्मा प्रहरीको नभएको सरोकारवाला बताउँछन्।

गोपनीयताको...
देखाउँछ। जबर्जस्ती करणी र नाबालिकको हकबाहेकका सम्बन्धलाई कानुनले अपराध मानेको देखिँदैन। कानुनले वर्जित गरेका विषयहरू, जस्तै : हाडनाता, मानसिक स्वास्थ्य आदि विषयमा भने राजीखुसीको विषय समावेश हुँदैन। नेपालमा यौन व्यवसाय पूर्णतः वर्जित छ। यौन व्यापार र प्रेमीप्रेमिका अथवा युवायुवतीबीचको सहमतिको सम्बन्ध फरक भएको कानुन व्यवसायी बताउँछन्। यौन व्यापार, अश्लीलताका विषय र सहमतिको सम्बन्धलाई एकै नजरले हेर्न नहुने उनीहरूको बुझाइ छ।

होटलको कोठालाई समेत ऐनले 'आवास'को परिभाषाभित्र समेटेको छ। नाबालक, जबरजस्ती करणी, मानव बेचबिखन, लागुऔषधजस्ता अपराधबाहेक गोपनीयता भंग हुनेगरी प्रहरीले पनि कुनै व्यक्तिको आवासमा हस्तक्षेप गर्न नहुने ऐनमा उल्लेख छ। अर्को कुरा कानुनले सार्वजनिक पदमा बसेको व्यक्तिको पनि गोपनीयता हुने कुरा उल्लेख गरेको छ। आफ्नो पद, आफूले गर्नुपर्ने काम र सेवा सर्तभन्दा बाहेकका विषयमा हरेक व्यक्तिले व्यक्तिगत जीवन बाँच्न पाउने उल्लेख छ।

भिजिट...
खासगरी कलाकार, गैरसरकारी कर्मचारी, खेलाडी, व्यापारी, श्रमिक, औषधोपचार वा आफन्त भेट्न जानेहरूले भिजिट भिसाको प्रयोग गरिरहेका छन्। भिजिट भिसाको वास्तविक उद्देश्य घुम्न र आफन्त भेट्नु भए पनि यसको दुरुपयोग गरेर लुकीछिपी काम गर्ने र विदेशमा अलपत्र पर्ने समस्या बढेको देखिएको छ।

युरोप वा अमेरिकालगायत विकसित देशमा स्थायी बसोबास गर्न चाहने, तर कमजोर सामाजिक तथा आर्थिक हैसियत भएकाहरू भिजिट भिसामा जाने गरेका छन्। महालेखापरीक्षकको कार्यालयले प्रतिवेदनमा नियमन गर्नुपर्ने सुझाव दिए पनि भिजिट भिसाको दुरुपयोग गराउँदा सरकारी कर्मचारीलाई आर्थिक लाभ हुने हुँदा त्यसतर्फ पर्याप्त ध्यान नदिइएको सरोकारवालाहरूको भनाइ छ।

उक्त प्रतिवेदनमाथि संसद्को सार्वजनिक लेखा समितिलाई छलफल गर्ने कार्यक्षेत्र भए पनि समितिले राजनीतिक प्रचार पाउने विषयमा मात्रै आफूलाई केन्द्रित गरेर राष्ट्रको दीर्घकालीन हितसँग जोडिएका विषयमा तत्परताका साथ छलफल नगराउने गुनासो पनि धेरैको छ।

युएईमा रोजगार
कम्पनी : NESTO MANAGEMENT OFFICE L.L.C SOLE PROPRIETORSHIP SHJ BR
पूर्व स्वीकृत मितिः २०८२/०६/०२ चलानी नं.: ६०२४८७८१ L.T. No.: 327302
शहर: UAE
पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		AED	ने. रू.							
1.	Sales Officer	34	64	स. काममा दक्ष	1500	६२,४१५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ११ गते (27 August 2026) मा हुनेछ।
अन्तर्वार्ता ड्रिम इन्टरनेशनल होटल, बुटवल, रूपन्देहीमा २०८३ भदौ ११ गते (27 August 2026) मा हुनेछ।
अन्तर्वार्ता मुनल ट्रेनिङ सेन्टर सुनसरी, इटहरीमा २०८३ भदौ ११ गते (27 August 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. २१०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.) गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, नवराज रिजाल: ९७१२०७४०७८

निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँभनी मृतकका देहायकाहकवालाहरुले आवश्यक कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ।

सि. नं	मृतकखातावालको नाम	ठेगाना	खाता नं.	शाखा	मृत्यु भएको मिति	हकदाबीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता)
१	**भरत बहादुर गुभाजु** बाबु : हरिमान गुभाजु बाजे : शंखमुनी गुभाजु	रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ०५	बचत खाता नं. **१३१००१७५०३५५८**	भैरहवा शाखा	**२०७९/०९/२२**	रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ०५ बस्ने कल्पना कुमारी गुभाजु नाता छोरी
२	**वसन्त कुमार मानन्धर** बुबा : जीत बहादुर मानन्धर बाजे : भीमनर मानन्धर	काठमाडौं जिल्ला, काठमाडौं महानगर पालिका वडा नं.१३	बचत खाता नं. **१७५१००१७५०७०४५**	नबिल बैंक लिमिटेड कालिमाटी शाखा साबिक नेपाल बंगलादेश बैंक लिमिटेड कालिमाटी शाखा	**२०८२/०८/०९**	काठमाडौं जिल्ला,काठमाडौं महानगरपालिका वडा नं. १३ बस्ने रत्नदेवी मानन्धर(श्रीमति)
३	**भोला सिंह** बाबु : कृष्ण बहादुर सिंह बाजे : निर्भय सिंह	धनुषा जिल्ला बटेश्वर गाउपालिका वडा नं. ४	बचत खाता नं. **१९११००१७५०१८६६**	बौद्ध शाखा	**२०८०/१२/१९**	बाँके जिल्ला, नेपालगञ्ज वडा नं. २ बस्ने, सरीता मल्ल नाता श्रीमति
४	**विष्णु माया घिमिरे** पति ब्रम्हदेव सुमन घिमिरे ससुरा : गणेश घिमिरे	धनुषा जिल्ला जनकपुर उपमहानगर पालिका वडा नं. ०२	बचत खाता नं. **०२३१००१७५२४९०८**	हेटौडा शाखा	**२०८३/०२/१०**	ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ०४ बस्ने बसन्त घिमिरे नाता (छोरा)
५	**श्री दानी चन्द** बाबु : रती चन्द बाजे : दुर्क चन्द	बैतडी जिल्ला महाकाली गा.वि.स वडा नं. ०६	बचत खाता नं. **०७६१००१७५१२४०२**	पञ्चेश्वर शाखा	**२०८३/०३/१३**	बैतडी जिल्ला महाकाली गा.वि.स वडा नं. ०६ बस्ने चाखुरी चन्द नाता : श्रीमती
६	**विमला श्रेष्ठ** बुबा : कृष्ण प्रसाद श्रेष्ठ हजुरबुबा : चन्द्रबहादुर श्रेष्ठ	काठमाडौं जिल्ला, काठमाडौं महानगर पालिका वडा नं.१३	बचत खाता नं. **१७५१००१७५०८७९९**	नबिल बैंक लिमिटेड कालिमाटी शाखा साबिक नेपाल बंगलादेश बैंक लिमिटेड कालिमाटी शाखा	**२०८२/११/२८**	काठमाडौं जिल्ला,काठमाडौं महानगरपालिका वडा नं. १३ बस्ने : हरि बहादुर श्रेष्ठ (श्रीमान)
७	दिनेश कडेल **बाबु : श्री प्रसाद कडेल** बाजे : नन्द लाल कडेल	झापा जिल्ला कमल गाउँपालिका वडा नं.५	बचत खाता **नं.०२२१००१७५१०७४९**	दमक शाखा	**२०८३/०२/२७**	तेह्रथुम जिल्ला आठराई गाउँपालिका वडा नं. ६ बस्ने सुजता नेपाल नाता (श्रीमती)
८	**मृतक : दिपक बन्जाडे** बाबु : काशिराम बन्जाडे बाजे : बिनिराम बन्जाडे श्रीमती : अविवाहित	अर्घाखांचीजिल्ला छत्रदेव गा.पा. वडा नं. ६	बचत खाता **नं.२१४१००१७५०६६९६**	छत्रगन्ज शाखा ,अर्घाखाचि	**२०८२/१२/१३**	अर्घाखाचि जिल्ला,छत्रदेव गाउपालिका वडा न-६ बस्ने पुतली बन्जाडे नाता (आमा)
९	**दिपक तिरुवा** बाबु : तिलमान तिरुवा श्रीमती : तारा चन्दारा	हिमा गाउँपालिका-७, जुम्ला कर्णाली प्रदेश, नेपाल	बचत खाता नं. **१७८१००१७५०९७७५**	नेपालगन्ज धम्बोजि चोक	**२०८२/११/०२**	हिमा गाउँपालिका-७, जुम्ला कर्णाली प्रदेश, नेपाल बस्ने तारा चन्दारा नाता (श्रीमती)
१०	**गजानन्द अग्रवाल** बाबु : तिलक चन्द अग्रवाल बाजे : भगिरथमल अग्रवाल	मेरङ्ग जिल्ला विराटनगर माहानगरपालिका वडा नं ०२	बचत खाता नं. **०७१००१७५११५७२**	विराटनगर शाखा	**२०८२/१०/२५**	मोरङ जिल्ला विराटनगर माहानगरपालिका वडा नं ०२बस्ने सुशिल कुमार अग्रवाल नाता (छोरा)
११	**गजेन्द्र बहादुर कार्की** बाबु : हरि बहादुर कार्की बाजे : गोदुल धोज कार्की	भक्तपुर जिल्ला, सुर्यविनायक नगरपालिका वडा नं १	बचत खाता नं : **०२१००१७५५५३०८**	न्युरोड शाखा	**२०८३/०३/३०**	भक्तपुर जिल्ला, सुर्यबिनायक नगरपालिका वडा न : १ बस्ने जमुना बस्नेत नाता (श्रीमती)
१२	**जगदिश झा** बाबु : हरिश्चन्द्र झा पत्नी : निरमाला देवी झा	महोत्तरी जिल्ला एकडारा गांउपालिका वडा नं. १, महोत्तरी	बचत खाता नं. **५२१००१७५०२९२३**	जनकपुर पिडारी चोक शाखा	**२०७८/१०/०५**	महोत्तरी जिल्ला एकडारा गांउपालिका वडा नं. १, बस्ने निरमाला देवी झा नाता - (पत्नी)
१३	**गौरी देवी दाश** बाबु : जगदिश लाल कर्ण पत्नी : गुलाब देवी	धनुषा जिल्ला जनकपुर उप महानगर पालिका वडा नं. ९, धनुषा	बचत खाता नं. **५२१००१७५०२६८९**	जनकपुर पिडारी चोक शाखा	**२०८२/०४/०२**	सिरहा जिल्ला हाल गोलबजार न.पा.वडा नं. ९, धनुषा बस्ने रजनी कुमारी कर्ण नाता (छोरी)
१४	**नाम : जलेखा खातुन** बाबु : जाल महमद मिया पति : अब्दुलहक मिया अंसारी ना.प्र. नं : ३३-०१-७३-९६०४ जा.मि. : २०७३/१२/१७	बारा जिल्ला परवानीपुर वडा नं.०२ हाल, जीतपुरसिमरा उप महानगरपालिका वडा नं २४, बारा	बचत खाता नं. **१४२१००१७५०४७६७**	नबिल बैंक लिमिटेड जीतपुर शाखा	**२०८१/१०/२९**	बारा जिल्ला जीतपुरसिमरा उप महानगरपालिका वडा नं २४, मा बस्ने सदल अंसारी (छोरा) ना.प्र. नं : ४८२३/३९५३ जा.मि. : २०६०/०५/०९
१५	**कृष्ण बहादुर चौधरी** बाबु : मद्दु थारु बाजे : बन्धु थारु	रुपन्देही, जिल्ला देवदह नगरपालिका वडा नं. ११	बचत खाता नं. **१०१००१०२१५३०१**	बुटवल शाखा, रुपन्देही	**२०८१/०३/०६**	रुपन्देही जिल्ला सिक्टहन ७ हाल रुपन्दही जिल्ला देवदह नगरपालिका वडा नं. ११ बस्ने शिव सम्भु चौधरी नाता(छोरा)
१६	**मधु लामा तामाङ** बाबु : मुन्ना तामाङ आमा : जमुना कुमारी खड्का(मृतक)	चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं ४	बचत खाता नं. **०३९१००१७५१४०७४**	सातदोबाटो	**२०८३/०३/१३**	चितवन जिल्ला भरतपुर माहानगरपालिका वडा नं ४ बस्ने मनिष तामाङ नाता (भाइ)
१७	**मधुसुधन खाँ** बाबु : बद्री प्रसाद खाँ बाजे : दुखाराम खाँ	सुनसरी जिल्ला दुहबी नगरपालिका वडा नं. २	बचत खाता नं. **११११००१७५०५२५४**	दुहबी	**२०८३/०४/०५**	सुनसरी जिल्ला दुहबी नगरपालिका वडा नं. २ बस्ने श्री बद्री प्रसाद खाँ मृतकसंगको नाता : बुवा
१८	**नेत्रपाणी न्यौपाने** बाबु : भोलानाथ न्यौपाने आमा :खीमसरा न्यौपान	कास्की जिल्ला,पोखरा महानगरपालिका, वडा नं. ६	बचत खाता नं. **१२१००१८२०५४०१**	पोखरा शाखा	**२०८३/०३/०१**	कास्की जिल्ला,पोखरा महानगरपालिका, वडा नं. ६ बस्ने विष्णु माया न्यौपाने नाता : श्रीमति
१९	**सन्तवली केवट** बाबु : सुकदेव केवट बाजे : लक्ष्मण केवट	रुपन्देही जिल्ला, गाउपालिका असुरैना, वडा नं. ०२	बचत खाता नं. **७११००१७५००४१७**	सम्मरीमाई शाखा	**२०८३/०२/०२**	रुपन्देही जिल्ला , गाउपालिका सम्मरीमाई वडा नं. ०६ बस्ने भानमती केवटीन नाता - श्रीमती
२०	**मृतक सुजिना श्रेष्ठ** बाबु गणेशपति श्रेष्ठ बाजे गोपालमान श्रेष्ठ	चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं ५	बचत खाता नं. **२४१००१७५१३९६५**	नारायणगढ	**२०८३/०१/१७**	चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं ५ बस्ने कृष्ण कुमार श्रेष्ठ नाता(पति)
२१	**श्री सुर्य बहादुर कुमाल** बाबु : वाले कुमाल श्रीमति : सेमा देवि कुमाल	रुपन्देही जिल्ला उपमहनगरपालिका वडा नं १७,	खाता नं **१३५१००१७५००६६४**	बुटवल योगीकुटी	**२०८३/०३/१४**	रुपन्देही जिल्ला उपमहनगरपालिका वडा नं १७, सेमा देवि कुमाल (श्रीमति)
२२	**श्रीमति शुशिला देवि अहिरिन** बाबु : बिर बहदुर राउत अहिरिन बाजे : राम लखन राउत	हालको ठेगानां. बारा जिल्ला परवानिपुर गाउपलिका वडा नं १ स्थाइ ठेगानां. बारा जिल्ला परवानिपुर गाउपलिका वडा नं. १	बचत खाता नं. **२१९१००१७५०८३९१**	परवानिपुर शाखा	**२०८२/१२/०८**	बारा जिल्ला परवानिपुर गाउपलिका वडा नं १ मा बस्ने राजदेव राउत अहिर नाता (पति)
२३	**थानेश्वर पोखेल** बाबु : नरिश्वर पोखल बाजे : छविलाल पोखल	अर्घाखाँची जिल्ला छत्रदेव गाउँपालिका वडा नं.०५	बचत खाता नं. **१७६१००१७५०९२५५**	बुटवल शाखा, रुपन्देही	**२०८३/०१/०३**	अर्घाखाँची जिल्ला छत्रदेव गाउँपालिका वडा नं.०५ बस्ने रुन्नता पोखेल नाता (श्रीमती)
२४	**नाम : मिठ्ठु देवी उप्रेती** पती : गोविन्द राज उप्रेती ससुरा : बोधराज भक्त उप्रेती	स्थायी- चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ०४हाल- चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ०८	बचत खाता नं. **१०४१००१७५००२७२**	पर्सा शाखा,	**२०८३/०३/२१**	चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ०८, बस्ने श्री राम उप्रेती नाता (छोरा)
२५	**दिनेश कुमार न्यौपाने** बाबु : दुर्गा प्रसाद न्यौपाने बजे : पशुपतिनाय न्यौपान	साबिक सुनसरी जिल्ला,इनरूवा नगर पालिका वडा नं. ०९ हाल सुनसरी जिल्ला,इनरूबा नगरपालिका वडा नं. ०९	बचत खाता नं. **०८८१००१७५०१८४०**	इनरूबा	**२०८०/०८/०५**	साबिक मोरङ जिल्ला मोतिपुर वडा नं. २ हाल सुनसरी जिल्ला इनरूबा नगरपालिका बलाह ०५ चिरा कुमारी निरौला नाता : श्रीमति
२६	**गोपालराज बराल** बाबु : केशव राज बराल बाजे : रविलाल बराल	कास्की जिल्ला,पोखरा महानगरपालिका, वडा नं. ५	बचत खाता नं. **०१२१००१७५३६८१६**	पोखरा शाखा	**२०८३/०४/०२**	कास्की जिल्ला,पोखरा महानगरपालिका, वडा नं. ५ बस्ने विष्णु माया बराल नाता : श्रीमति

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

बागमतीमा एमाले नेतृत्वमा नयाँ सरकार बन्दै

मुख्यमन्त्रीमा किरण थापाको दाबी

काठमाडौं/मस– बागमती प्रदेशमा नेकपा एमालेका सांसद किरण थापाको नेतृत्वमा नयाँ सरकार गठन हुने पक्का भएको छ । सदनको चौथो ठूलो दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले एमाले नेतृत्वको सरकारलाई समर्थन गर्ने भएपछि नयाँ सरकार गठनको बाटो खुलेको हो । राप्रपा तत्काल सरकारमा भने सहभागी नहुने भएको छ । केन्द्रमा भएको सहमतिअनुसार बागमती प्रदेश सरकारको नेतृत्व एमालेले गर्ने तय भए पनि एमालेभित्र मुख्यमन्त्री को बन्ने भन्ने विषयमा विवाद हुँदा सरकार गठन प्रक्रिया अन्यौलमा परेको थियो ।

मंगलबार बसेको एमाले संसदीय दलको बैठकले जेएन थपलियालाई दलको नेतामा कायमै राख्ने र मुख्यमन्त्रीमा किरण थापालाई अघि बढाउने सहमति गरेको छ । १०४ सदस्यीय बागमती प्रदेशसभामा सरकार गठनका लागि ५३ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा हाल नेकपाका २६, एमालेका २५ र राप्रपाका १२ सांसद छन् । यी तीन दलको समर्थन सरकार गठनका लागि पर्याप्त हुनेछ ।

कांग्रेसले एमालेसँगको सत्ता सहकार्य तोडेपछि मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले राजीनामा दिइसकेका छन् । उनको राजीनामापछि प्रदेश प्रमुखले नयाँ सरकार गठनका लागि बिहीबार दिउँसो ४ बजेसम्मको समय दिएका छन् । सोहीअनुसार नेकपा, एमाले र राप्रपाले संयुक्त रूपमा नयाँ सरकार गठनको दाबी गर्ने तयारी गरेका छन् । एमालेले साउन ६ गते सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री बानियाँले विश्वासको मत लिनुपर्ने अवस्था आएको थियो । सरकार जोगाउन उनले हाम्रो नेपाली पार्टी, राप्रपा र नेपाल मजदुर किसान पार्टी (नेमकिपा)को समर्थन जुटाउने प्रयास गरे पनि आवश्यक समर्थन नजुटेपछि राजीनामा दिएका थिए । बागमती प्रदेशसभामा कांग्रेसका ३६, नेकपाका २६, एमालेका २५, राप्रपाका १२, नेमकिपाका ३ र हाम्रो नेपाली पार्टीका २ सांसद छन् ।

प्रेस काउन्सिलका चार सदस्यको शपथ

काठमाडौं/मस– प्रेस काउन्सिल नेपालका नवनियुक्त चार सदस्यले कार्यभार सुरु गरेका छन् । सञ्चारग्रामस्थित काउन्सिलमा बुधबार आयोजित एक कार्यक्रमबीच अध्यक्ष उमेश श्रेष्ठले सदस्यहरू नम्रता शर्मा, प्रकाशभक्त माथेमा, रविराज बराल र उपासना घिमिरेलाई शपथ ग्रहण गराउँदै काउन्सिलका ऐन, कानुन, विनियमावली तथा कार्यविधिलगायत सामग्री प्रदान गरे । अध्यक्ष श्रेष्ठले पत्रकारिता क्षेत्रका दिग्गज सदस्य पाइएको बताउँदै अब आफूहरूले केही न केही नयाँ परिवर्तन गरेरै जानुपर्ने बताए । काउन्सिलका मुख्य अधिकृत फविन्द्र भुसालले काउन्सिलको संस्थागत संस्कारका बारेमा संक्षिप्त जानकारी गराएका थिए ।

क्यान्सरबाट निधन भएकी डंगोलको परिवारलाई सहयोग

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, ३ भदौ

उपचारका क्रममा गत जुलाई ७ मा दोहास्थित हमाद अस्पतालमा निधन भएकी ललितपुरकी सिर्जना डंगोलको परिवारलाई गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् (एनसिसी) कतारको समन्वयमा संकलित २ लाख ११ हजार ३ सय ४० रुपैयाँ आर्थिक सहयोग प्रदान गरिएको छ । स्तन क्यान्सरबाट पीडित डंगोलको कतारमा उपचारकै क्रममा निधन भएको थियो । उनका दुई सन्तान छन् । डंगोल करिब १८ महिनाअघि कामका लागि कतार आएकी थिइन् ।

कतारमा रहँदा उनको स्वास्थ्य अवस्था जटिल बन्दै गएपछि एनसिसी कतारले निधन हुनुभन्दा करिब तीन महिना अघिदेखि नै विभिन्न माध्यमबाट सहयोग गर्दै आएको थियो । एनसिसी कतारका उपाध्यक्ष तथा श्रमिक विभाग संयोजक सन्तोष पौडेलले डंगोलका आफन्त तथा निकट व्यक्तिहरूको पहलमा उनलाई खाद्यान्न, रासनलगायत आवश्यक सहयोग उपलब्ध गराइएको बताए ।

उपचारका क्रममा उनको मृत्यु भएपछि शव नेपाल पठाउन आर्थिक समस्या देखिएपछि एनसिसी कतारले सामाजिक सञ्जालमा सञ्चालन गरेको साझा मेसेन्जर समूहबाट आर्थिक सहयोग संकलन अभियानसमेत सञ्चालन गरेको थियो । साथै, नेपाली दूतावास कतारमार्फत वैदेशिक रोजगार बोर्डसँग समन्वय गरी शव नेपाल पठाउने आवश्यक प्रक्रिया र हवाई टिकटको व्यवस्थाका लागि पहल गरिएको थियो । एनसिसी कतारको पहलपछि वैदेशिक रोजगार बोर्डमार्फत शव नेपाल लैजान लाग्ने आवश्यक खर्च व्यवस्थापन भएको पौडेलले मध्यान्ह दैनिकलाई जानकारी दिए ।

त्यसपछि संकलित रकम भने डंगोलका दुई नाबालक सन्तानको शिक्षा, लालन पालन तथा भविष्यका आवश्यकतामा सहयोग पुगोस् भन्ने उद्देश्यले परिवारलाई हस्तान्तरण गरिएको हो। सहयोग रकम ललितपुरको महानगरपालिका-१ को वडा कार्यालयमा डंगोलका श्रीमान् तथा वडा नं. १ का अध्यक्ष निर्मल तुण्डकारको रोहवरमा हस्तान्तरण गरिएको थियो । कार्यक्रममा एनआरएनए आइसिसीका सचिव रमेश भट्ट, एनआरएनए एनसिसी कतारका सचिव सुजन गुरुङ तथा एनसिसी कतारका पूर्व सल्लाहकार बुद्धिप्रसाद भण्डारीलगायतको उपस्थिति थियो ।

कर्मचारी आवश्यकता

BREW & BAKES

यस Brews and Bakes को लागि अनुभवि तथा प्रभावशाली कर्मचारीहरु आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

Pastry Chef - 1 Position
Barista - 1 Position

तलब आपसी साझदारीमा

आवश्यक योग्यता
- Pastry Bakery & Barista क्षेत्रमा कम्तिमा २ वर्ष अनुभव भएको,
- सफा काम गर्न रुचि र टिमसँग सहकार्य गर्न सक्ने,
- समयको पालना गर्ने र जिम्मेवार ।

स्थान : चारदोबाटो, भक्तपुर, सम्पर्क : ९८४१०७१६९७

काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशन मितिः २०८३/०५/०४ गते बिहीबार

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको विभिन्न जातको गोलिया थान ६७६ को ३५६५.१९ घ.फि. काठ हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

ओराही सा.व.उ.स., मधुवन-१, बर्दिया

साउदीमा रोजगार

कम्पनी : ZIAD ABDULAZIZ AL-MULHEM FOUNDATION शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८३/०४/२६ चलानी नं.: ६०२५९५६६ LT. No.:346159

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रू.							
1.	Food and Beverage Counter Worker	2	0	स. काममा दक्ष	1500	६१०५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १२ गते (28 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SKILL LINK RECRUITMENT PVT. LTD. Govt Lic. No. 1747/081/082
Budhanilkantha-9, Sukedhara, Kathmandu, Nepal, Surya Budhathoki : 9801180811, Tel No: +977 1 5925447, 5923447
Email: info@skilllink.com.np, Website: www.skilllink.com.np

युएईमा रोजगार

कम्पनी : OLEANDER LADIES BEAUTY CENTER शहर : ABU DHABI
पूर्व स्वीकृत मितिः २०८३/०४/२९ चलानी नं.: ६०२५९९१६ LT. No.:346589

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		AED	ने. रू.							
1.	Hairdresser	0	1	सम्बन्धित काममा दक्ष	1500	६२,४१५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Manicurist	0	2		1500	६२,४१५							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ११ गते (27 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

S.N.K. Facilities Management Pvt. Ltd. Gov. Lic. No. 1726/081/082
Bafal-13, Kalanki, Kathmandu, Nepal, Tel. 01-5922923
Contact No : 9806165278 (Nabeena Kuwar). website: www.snkmanpower.com

अधिकतम खुद्रा बिक्री मूल्य प्रकाशनको सूचना

यस फर्म/कम्पनीले China बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य MRP निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

S.N	Vehicle Description	Brand	Model	Battery Capacity	Seat Capacity	Year	Per Unit	MRP
1	Electric Passenger Van	DFSK	EC36	38.7 KWH	11 Seats	2026	1	NPR 37,95,000/-

विक्रेता फर्मको नाम : एन ई भि नेपाल प्रा.लि
स्थायी लेखा नम्बर : ६०९५८५८१६
ठेगाना : नागपोखरी, नक्साल, काठमाडौं
फोन : ०१-४४२९०५१/५२
EXIM CODE : ६०९५८५८१६०१३३NP

कुवेतमा रोजगार

कम्पनीः ARYA LADIES BEAUTY SALON & SPA COMPANY शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०५/०३ चलानी नं.: ६०२५९९४४ LT. No.:346712

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		KD	ने. रू.							
1.	Hairdresser	0	7	सम्बन्धित काममा दक्ष	150	७४६२२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Manicure/pedicure	0	7		150	७४६२२							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ११ गते (27 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

Guideline Recruitment Service Pvt. Ltd. Govt.Lic.No 1061/073/74
Samakhusi, Kathmandu, Tel.: 4389497, Contact : 9849036098, 9823461212 (Ujjwal Raut)
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

मलेसियामा रोजगार

कम्पनीः R YANG ENTERPRISE SDN BHD शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८३/०५/०३ चलानी नं.: ६०२५९८७८ L.T. No.: 346421

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		RM	ने. रू.							
1.	CLEANER (GENERAL LABOUR)	35	0	स. काममा दक्ष	1700	६३९८८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ११ गते (27 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि. श्रम इजाजत नं. : १०३४/०७२/०७३
Tokha-11 Bhandari Tole, Tokha, Kathmandu, Nepal.
Tel: 4985294 / 4985295, Email: info.royal1034@Gmail.com

कतारमा रोजगार

कम्पनी : AMWAJ CATERING SERVICES LIMITED शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८३/०५/०३ चलानी नं.: ६०२५९९२६ LT. No.: 346765

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		QR	ने. रू.							
1.	Cleaner Dishwasher	400	0	स. काममा दक्ष	1000	४१९२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ११ गते (27 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

WAHAA MANPOWERS SUPPLIER PVT. LTD.
Kalopool 7, Kathmandu, Nepal., Tel: +977-014581670, 4583566, 9705779966
Email : wahaa.nepal@gmail.com
Gov Lic No.:469/060/061

कुवेतमा रोजगार

कम्पनीः OLAA BEAUTY FOR LADIES BEAUTY SALON COMPANY शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०४/१५ चलानी नं.: ६०२५९१७६ LT. No.: 345842

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		QR	ने. रू.							
1.	Cleaner/cleaning Workers	0	1	सम्बन्धित काममा दक्ष	1500	२४,०००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Beautician / Manicurist / Pedicurist / Make Up / Hair Stylist / Waxing / Hena	0	4		2200	२४,०००							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ११ गते (27 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

SUPREME OVERSEAS PVT. LTD. Govt. Lic. No. 301/059/60
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, +977 971-6824754
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

यूएईमा रोजगार

कम्पनीः BASATIN LANDSCAPING SP LLC शहर : ABU DHABI
पूर्व स्वीकृत मितिः २०८३/०५/०३ चलानी नं.: ६०२५९९०९ LT. No.: 346481

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		AED	ने. रू.							
1.	Gardener Worker	200	0	स. काममा दक्ष	1200	४९९३२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ११ गते (27 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

ELECTRA GLOBAL RECRUITMENT PVT. LTD. License No 1850/082/083
Sinamangal-9, Airport, Kathmandu, Nepal, Contact: 01 5929405 / 9851067272
Email:admin.electraglobalrecruitment@gmail.com, Website : www.electraglobalrecruitment.com.np

युएईमा रोजगार

कम्पनीः IRON STAR CONTRACTING LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८३/०५/०३ चलानी नं.: ६०२५९९११ LT. No.: 346618

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		AED	ने. रू.							
1.	Plasterer Mason	14	0	सम्बन्धित काममा दक्ष	1500	६२४१५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Mechanics Air Condition	10	0		1800	७४८९८							
3.	Plumber Assistant	1	0		1300	५४०९३							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ११ गते (27 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

PANDORA INCORPORATION PVT. LTD. Govt. Lic. No. 502/061/062
Samakhusi, Kathmandu, Tel +977-1- 4987601, 4987608. Email: pandorainc14@gmail.com.
Mobile No : 9709711120 (Melina Lama), 9709711121 (Kumari Dong), 9709711122 (Pawan Saru)
9861133194 (Purushottam Shrestha), 9818465637 (Anita Tamang)

बहराइनमा रोजगार

कम्पनी : BED CORNER COMPANY WLL, शहरः BAHRAIN
पूर्व स्वीकृत मितिः २०८२/०८/२८ चलानी नं.: ६०२४८७६२ LT. No.: 335082 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		BD	ने. रू.							
1.	Carpenter Shuttering	4	0	स. काममा दक्ष	130	५२६९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ११ गते (27 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

THREE BROTHERS HUMAN RESOURCE PVT. LTD. श्रम इजाजत पत्र नं. ७१२/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, अलिना बस्नेत सम्पर्क नं. ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

ZERO COST EMPLOYMENT IN MALAYSIA !!!
मलेसियामा शुन्य लागतको रोजगारी !!!

No Recruitment Fees & Cost: - New issuance or renewal of passport for obtaining an employment, Bio-Medical Examination, visa processing, foreign employment insurance, Welfare & Social security fund (SSF), pre-departure orientation training, air ticket (From Kathmandu Airport to Malaysia Airport For departure), in-bound land transportation, accommodation, and in-transit subsistence costs after an employment offer & Aakarshan's service charge which will be fully covered by the employer.
(**शून्य रोजगार खर्च र शुल्क** : वैदेशिक रोजगारीको लागि नयाँ राहदानी जारी गर्न वा नविकरण गर्न, स्वास्थ्य परीक्षण, भिषा प्रक्रिया, वैदेशिक रोजगार बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष (एसएसएफ), प्रस्थानपूर्वको अभिमुखीकरण तालिम, हवाई टिकट (काठमाडौं एयरपोर्ट देखि मलेसिया एयरपोर्ट सम्म उडानको लागि) ,रोजगारीको सुनिश्चितता पछिको यातायात, आवास, खाना खर्च, र आकर्षणको सेवा शुल्क पूर्ण रुपमा रोजगारदाताले वहन गर्नेछ।)

A. Employer's Information (रोजगारदाताको विवरण)

Name : JUKEN TECHNOLOGY ENGINEERING SDN.BHD. Address : Malaysia
नाम : जुकेन टेक्नोलोजी इन्जिनियरिङ एसडिएन. बिएचडी. ठेगाना : मलेसिया

Short Description About Company & Product (कम्पनी र उत्पादन हुने बस्तुको बारेमा छोटो जानकारी)

➢ **About:** Juken Technology Engineering Sdn. Bhd. is a well-established manufacturing company in Malaysia that specializes in precision engineering, mold making, and plastic injection molding. It serves industries such as automotive, electronics, medical devices, and consumer products.
➢ **Nature of Work:** Machine Operator/General Worker
(कार्यको प्रकृति : मेशिन अपरेटर/सामान्य कामदार

B. Pre-Approval Details (पूर्व-स्वीकृतिको विवरण):

Pre Approval Date:	2026/06/16	Consignment No.:	60256931	L.T. No.:	343578
पूर्व स्वीकृत मितिः	२०८३/०३/०२	चलानी नं.:	६०२५६९३१	एल टी नं.:	३४३५७८

सि.नं S.N.	कामदारको पद Worker's Position	माग संख्या Required No's		न्यूनतम योग्यता Minimum Qualification	मासिक तलब Monthly Salary		ओभरटाइम सुबिधा OT Facility	प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day	हप्तामा काम गर्ने दिन Working Day Per Week	बार्षिक बिदा Annual Leave	खाना सुबिधा Food Facility	बस्ने सुबिधा Accomoda-tion Facility	करार अबधि Contract Period
		पुरुष Male	महिला Female		रिङ्गिट MYR	ने.रु. NPR							
1. १.	Machine Operator/ General Workers मेशिन अपरेटर/सामान्य कामदार	20 २०	0 0	Able to Read, Write (पढ्न र बोल्न सक्ने)	1,700 १,७००	63,988 ६३,९८८	As per the company rule कम्पनीको नियम अनुसार	8 hours ८ घण्टा	6 Days ६ दिन	As per the company rule कम्पनीको नियम अनुसार	No छैन	Yes छ	2 Years दुई वर्ष

स्वदेशमा बनाउने पासपोर्टको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who Bears Passport making Fees	स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who Bears Domestic Medical Fees	विदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who Bears Overseas Medical Fees	स्वदेशमा गरिने म्यादी जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने Who Bears Foreign Employment Term Life insurance (Domestic)	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Who Bears Foreign Employment insurance Premium (Overseas)	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने Who Bears Air Fare	भिषा शुल्क कसले व्यहोर्ने Who Bears Visa Fees	भिषा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने Who Bears Visa Stamping Fees	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने Who Bears Pre-Departure Orientation Fees	कल्याणकारी कोष सम्बन्धी व्यवस्था Who Bears Welfare Fund Payment	स्वदेशमा लाग्ने सामाजिक सुरक्षा कोषको रकम कसले व्यहोर्ने र कति लाग्ने Who Bears Social Security Fund Payment	सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने Who Bears Service Charge
रोजगारदाताले व्यहोर्ने By the Employer	रोजगारदाताले व्यहोर्ने By the Employer	रोजगारदाताले व्यहोर्ने By the Employer	रोजगारदाताले व्यहोर्ने By the Employer	रोजगारदाताले व्यहोर्ने By the Employer	रोजगारदाताले व्यहोर्ने By the Employer	रोजगारदाताले व्यहोर्ने By the Employer	रोजगारदाताले व्यहोर्ने By the Employer	रोजगारदाताले व्यहोर्ने By the Employer	रोजगारदाताले व्यहोर्ने By the Employer	रोजगारदाताले व्यहोर्ने By the Employer	रोजगारदाताले व्यहोर्ने By the Employer

1. Registration (दर्ता):
- Applicants can register by scanning the QR code provided. (ईच्छुक आवेदकहरुले यस क्युआर (QR) स्क्यान गरि आवेदनदर्ता गर्न सक्नु हुनेछ ।)
- Among the received applications, only those applicants who have submitted complete information will be officially informed through phone/message from this office for the pre-interview. After that, applicants may voluntarily participate in the interview. Applicants who are not registered will not be allowed to participate in the pre-interview.
(प्राप्त आवेदनहरु मध्ये सम्पूर्ण जानकारी सहितदर्ता गरिएका आवेदकहरुलाई अधिकारीक रुपमा यस कार्यालयबाट फोन र म्यासेज मार्फत पि-अन्तर्वार्ता लागि जानकारी दिईने छ, सो पश्चात आवेदकले स्वेच्छिक रुपमा अन्तर्वार्तामा भाग लिन सक्नेछन । दर्ता नगरीएका आवेदकहरुलाई प्रि अन्तर्वार्तामा सहभागी गराईने छैन ।)

2. Pre- Interview Schedule (प्रि-अन्तरवार्ताको समयतालिका):
Pre Interview is schedule from 25 August to 28 August 2026 at Varsha Manpower Pvt. Ltd, Basundhara-3 Kathmandu (प्रि अन्तरवार्ता २०८३ भदौ ९ देखि १२ सम्म सञ्चालन हुनेछ ।)

D. Employment Related Information & Provisions (रोजगारसँग सम्बन्धित जानकारी

1. Prohibition of Sub-Agents and Ethical Recruitment Policy (एजेन्ट रहित र नैतिक नीति)
Contact Number- 01-5906944/01-5908044, 9851423244

In accordance with the Government of Nepal's regulations, the use of sub-agents in the recruitment process is illegal. Varsha Manpower fully complies with this mandate and operates exclusively under the **"Zero Cost & Fee - Employer Pays Principle (EPP)"** model. Varsha Manpower conducts all recruitment activities directly, and we do not have any branch offices, agents, or intermediaries. Candidates are not required to pay any fees at any stage of the recruitment process to anyone.
(नेपाल सरकारले वैदेशिक रोजगारमा एजेन्टको प्रयोग पूर्ण रूपमा गैरकानुनी गराएको छ । वर्षा मेनपावरले यस नियमको पूर्ण रूपमा पालन गर्दै **"शून्य लागत तथा शुल्क-रोजगारदाताद्वारा भुक्तानी"** गर्ने सिद्धान्त अन्तर्गतमा मात्र कार्य गर्दछ । वर्षा मेनपावरले सबै भर्ती कार्यहरू प्रत्यक्ष रूपमा सञ्चालन गर्दछ र कुनै पनि शाखा कार्यालय, एजेन्ट वा मध्यस्थको प्रयोग हुँदैन । उम्मेदवारहरूले भर्ती प्रक्रियाको कुनै पनि चरणमा कुनै पनि व्यक्तिलाई शुल्क तिर्नु आवश्यक छैन ।)

VARSHA MANPOWER ensures full alignment and compliance with all 11 Forced Labour Indicators established by the International Labour Organization (ILO) throughout its recruitment process.
वर्षा मेनपावरले आफ्नो भर्ती प्रक्रियाभर अन्तर्राष्ट्रिय श्रम संगठन द्वारा निर्धारण गरिएका जबरजस्तीश्रमका ११ सूचकहरूसँग पूर्ण समन्वय र अनुपालन सुनिश्चित गर्दछ ।

2. Prohibition of Forced Labour/Freely Chosen Employment (जबरजस्ती श्रमको पूर्ण निषेध/ स्वेच्छिक रोजगारी)

a. Varsha Manpower strictly prohibits all forms of forced labor, including debt bondage, involuntary prison labor, and human trafficking. (वर्षा मेनपावरले अनैच्छिक श्रम, मानव तस्करी लगायत सबै प्रकारका जबरजस्ती श्रमको पूर्ण रूपमा कडाइका साथ निषेध गर्दछ ।)
b. Employment is fully voluntary, and employees may resign or end their contract without penalty, with sufficient notice. Employers must not deduct wages or retaliate against employees. (रोजगार पूर्ण रूपमा स्वेच्छिक हुन्छ, र कामदारले पर्याप्त सूचना दिएर आफ्नो रोजगार सम्झौता कुनै पनि समयमा समाप्त गर्न सक्ने अधिकार राख्दछन्। रोजगारदाताले त्यसबापत तलब कटौती गर्नु वा कर्मचारीविरुद्ध प्रतिशोध गर्नु हुँदैन ।)
c. Candidates are not required to pay any fees, loans, or advance payments to secure employment. Property, educational certificates, livestock, jewelry, phones, or any other valuables must never be deposited or used as a condition for obtaining a job. (उम्मेदवारहरूले रोजगारी प्राप्त गर्नका लागि कुनै पनि शुल्क, ऋण वा अग्रिम भुक्तानी दिनु आवश्यक छैन । रोजगारीको शुनिश्चितताको लागि सम्पत्ति, शैक्षिक प्रमाणपत्र, गाई-भैंसी, गरगहना, फोन वा अन्य कुनै मूल्यवान वस्तु राख्न र प्रयोग गर्न पूर्ण रूपमा निषेध गरिएको छ ।)
d. Workers are not required to join any employer-mandated or compulsory savings programs. Participation in financial or savings schemes is completely voluntary. (कामदारहरूलाई रोजगारदाताद्वारा अनिवार्य रूपमा लागू गरिएका कुनै पनि बचत कार्यक्रम वा योजनामा सहभागी हुन बाध्य पारिने छैन। वित्तीय वा बचतसम्बन्धी कुनै पनि योजनामा सहभागिता पूर्ण रूपमा स्वेच्छिक रहनेछ ।)
e. Repatriation expenses are covered by the employer upon contract completion or early termination with proper notice. (सम्झौता अवधि पूरा भएपछि वा कामदारले उचित सूचना दिएर सम्झौता पूर्व समयमै समाप्त गरेमा, स्वदेश फिर्तीको लागि लाग्ने खर्च रोजगारदाताले पूर्ण रूपमा व्यहोर्नेछ ।)
f. Candidates retain their original documents with themselves. (उम्मेदवारहरूले आफ्नो प्रमाणपत्रहरू आफैंसँग राख्ने अधिकार राख्दछन।)
g. Employment terms will be clearly communicated in a language understood by worker and will remain unchanged unless any updates are more favorable than the existing terms.(रोजगारका सर्तहरू कामदारले बुझ्ने भाषामा स्पष्ट रूपमा प्रदान गरिनेछ र कुनै पनि शर्तहरु परिवर्तन भएमा हाल भएको भन्दा राम्रो भएमा मात्र परिवर्तनको लागि योग्य हुनेछ ।)

3. Legal Working Age For Foreign Employment & Verification (वैदेशिक रोजगारका लागि कानुनी उमेर र प्रमाणिकरण)

All foreign employment applicants must be at least 18 years of age. To verify age, Varsha Manpower requires applicants to provide at least two official government-issued documents from Nepal, such as: i. National Identity Card, ii. Citizenship Certificate or Any other official document containing a photograph. (वैदेशिक रोजगारका लागि उम्मेदवारको उमेर कम्तीमा १८ वर्ष हुनुपछ। उमेर प्रमाणित गर्न, वर्षा मेनपावरले उम्मेदवारहरूबाट कम्तीमा दुईवटा नेपाल सरकारद्वारा जारी गरिएको फोटो सहितको आधिकारिक कागजपत्र पेश गर्न आग्रह गर्दछ, जस्तैः १.राष्ट्रिय परिचयपत्र २.नागरिकता प्रमाणपत्र वा कुनै पनि फोटोसहितको अन्य आधिकारिक प्रमाणपत्र।)

4. Working Hours & Overtime Provisions (काम गर्ने समयावधी र अतिरित्त कार्यसमय सम्बन्धी प्रावधानहरु)

Working hours will comply with the Malaysian Employment Act, 1955. The standard workweek shall not exceed 45 hours, with a maximum of 60 hours per week including overtime in exceptional or emergency situations. All overtime work is voluntary, and workers are entitled to at least one day off every seven days. Work Shift will be night and day shift. (काम गर्ने समय मलेसियाली रोजगार ऐन, १९५५ अनुसार हुने छ। सामान्य कार्यसमय एक हप्तामा अधिकतम ४५ घण्टा हुनेछन्, अपवाद वा आपतकालीन परिस्थितिमा ओभरटाइमसहित अधिकतम ६० घण्टा प्रति हप्ता हुनसक्नेछ। सबै ओभरटाइम काम स्वेच्छिक हुनेछ, र कामदारहरूले प्रत्येक सात दिनमा कम्तीमा एक दिन छुट्टी पाउने अधिकार राख्दछन्। कामको पालो दिन/रात शिफ्टको आधारमा हुनेछ।)
a. Annual Leave : 8 Days (वार्षिक बिदा ८ दिन)
b. Sick Leave : 14 Days (बिरामी बिदा १४ दिन)
c. Hospitalization Leave: 60 Days (हस्पिटल भर्ना भए बापतको बिदा ६० दिन)
d. Public Holiday: 11 Days (सार्वजनिक बिदा ११ दिन)

All the above-mentioned leave entitlements are fully paid and are applicable for 2-years of employment period.
(उल्लिखित सबै प्रकारका छुट्टीहरू भुक्तानीसहित उपलब्ध गराइने छन् र यी २ वर्षे रोजगार अवधिका लागि लागू हुनेछन्।)

5. Wages & Benefits (तलबर सुविधाहरू)

Workers receive as per Malaysian labour Law.Overtime is voluntarily and paid at higher rates. No unlawful deductions are made from wages, and every worker receives a clear and timely pay slip. Overtime Calculation will be as below. (कामदारहरूले मलेसियाली रोजगार ऐन अनुसार तलब प्राप्त गर्नेछन्।ओभरटाइम स्वेच्छिक हुनेछ र उच्च दरमा भुक्तानी गरिन्छ। तलबबाट कुनै पनि अवैध कटौती गरिदैन, र प्रत्येक कामदारले स्पष्ट र समयमा तलबको रसिद प्राप्त गर्नेछन् ।)
a. On Normal Days: x1.5 (सामान्य दिनको x१.५ को दरले)
b. On Sunday /Rest Day : X2.0 (आईतबारको/आरम गर्ने दिनको x२.० को दरले)
c. On Public Holiday: X3.0 (सार्वजनिक बिदाको दिनको x३.० को दरले)

6. Non Discrimination & Respectful Workpalce (भेदभावमुक्त र सम्मानजनक कार्य वातावरण सम्बन्धी प्रावधानहरू)

Varsha Manpowerpromotes a safe, respectful, and inclusive workplace, ensuring equal and fair opportunities in hiring and employment practices. We have zero tolerance for harassment, abuse, or any form of inhumane treatment, and discrimination based on race, color, age, gender, sexual orientation, gender identity, ethnicity, disability, pregnancy, religion, or other protected characteristics is strictly prohibited. Workers are entitled to participate in religious programs and freely observe their respective practices. Discriminatory medical tests are never conducted. (वर्षा मेनपावरले सुरक्षित, सम्मानजनक र समावेशी कार्यस्थलको प्रवर्द्धन गर्दछ र रोजगार प्रक्रियामा समान तथा निष्पक्ष अवसरको सुनिश्चितता गर्दछ। उत्पीडन, दुर्व्यवहार वा कुनै पनि अमानवीय व्यवहार पूर्ण रुपमा निषेध गरिएको छ। जात, रङ, उमेर, लिङ्ग, जातीयता, अपाङ्गता, गर्भावस्था, धर्म वा अन्य संरक्षित विशेषताका आधारमा कुनै पनि भेदभाव कडाइका साथ निषेध गरिएको छ। कामदारहरूले धार्मिक कार्यक्रममा सहभागी हुन र आफ्ना धर्म/आस्था अनुसार स्वतन्त्र रूपमा अभ्यास गर्न पाउने अधिकार राख्दछन्। भेदभावमूलक मेडिकल परीक्षण कहिल्यै गरिँदैन।)

7. Freedom of Association & Collective Rights (संघ/संगठनमा सवंद्ध हुने स्वतन्त्रता र सामूहिक अधिकारहरू सम्बन्धी प्रावधानहरू)

Workers have the right to freedom of movement, basic liberties, and collective bargaining. They can raise concerns freely without fear of harassment, retaliation, or discrimination based on their association. Workers may join trade unions, engage in collective bargaining and participate in lawful forms of worker representation, in accordance with Malaysian labor law. (कामदारहरूले, आधार भूत स्वतन्त्रता, र सामूहिक हकहितको लागि आवज उठाउने अधिकार राख्दछन्। उनीहरूले कुनै पनि संघ/संगठनको सदस्यताका आधारमा उत्पीडन, प्रतिशोध वा भेदभावको डरविना स्वतन्त्र रूपमा आफ्नो चासो वा सुझाव व्यक्त गर्न सक्नेछन्। कामदारहरूले मलेसियाको रोजगार ऐनअनुसार ट्रेड युनियनमा सदस्यता लिन, वैध रूपमा सामूहिक हकहितको लागि सहभागी हुन, र कर्मचारी प्रतिनिधित्वका कार्यक्रमहरूमा भाग लिन सक्ने अधिकार सुरक्षित राख्दछन् ।)

8. Ethical Business Practices (नैतिक व्यवसायिक अभ्यास)

Varsha Manpower is committed to the highest standards of ethics and integrity in all business interactions. We maintain zero tolerance for bribery, corruption, or any unfair practices, and candidates or their family members are never required to give or receive gifts to secure employment. Privacy of all individuals is protected in accordance with Nepal's Privacy Act, 2017. (वर्षा मेनपावर ले सबै व्यवसायिक कार्यहरुमा उच्चतम स्तरको नैतिकता र ईमानदारीको पालन गर्न प्रतिबद्धता छ । हस्तक्षेप, भ्रष्टाचार वा अन्य कुनै पनि असमान अभ्यासको लागि पूर्ण रुपमा प्रतिबन्ध छ । उम्मेदवार वा उनीहरूको परिवारका सदस्यहरूले रोजगारी सुनिश्चित गर्नका लागि कुनै पनि उपहार दिन वा लिन आवश्यक पर्दैन। सबै व्यक्तिहरूको गोपनीयता नेपालको गोपनीयता ऐन, २०७४ अनुसार सुरक्षित रहन्छ।)

9. Workplace Health & Safety Provisions (नैतिक व्यवसायिक अभ्यास)

As per Malaysian Labour Law foreign workers are secure with the followings; (मलेसियाको रोजगार ऐन अनुसार, वैदेशिक कामदारहरूले निम्न सुरक्षा सुविधा पाउनेछन्,)
a. **Employees Provident Fund (EPF):** 2% From the Employer and 2% from the Workers (कर्मचारी सन्चय कोष : रोजगारदाताबाट २% र कामदारबाट २% योगदान।)
b. **Social Security Organization- Employment Injury Schemes (SOCSO) :** 1.75% from the Employer and 1.25% from the worker is deducted. It cover workplace injuries, occupational diseases, permanent disablement,and death as well as accidents outside the working hours. रोजगारदाताबाट १.७५% र श्रमिकबाट १.२५% कट्टा गरिन्छ। यसले कार्यस्थलमा हुने चोटपटक, पेशागत रोग, स्थायी अशक्तता, मृत्यु तथा कार्य समय बाहिर हुने दुर्घटनाहरू समेत समेट्छ ।
c. **Foreign workers Hospitalisation &Surgical Insurance Scheme (SKHPPA):** Provides medical treatment & Hospitalization in Government Hospitals (वैदेशिक कामदार स्वास्थ्य बीमा योजनाः सरकारी अस्पतालमा चिकित्सा उपचार र अस्पताल सेवाहरू उपलब्ध गराउँछ ।)

Information Provided by Department of Foreign Employment (DOFE):
(वैदेशिक रोजगार विभागद्वारा प्रदान गरिएको जानकारी):

Information provided by the Department of Foreign Employment (DOFE) **वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: 1. Make sure you get the visa in your name. **१. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्।** 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble **२. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ।** 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement **३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्।** 4. Orientation or induction training must be taken before going for foreign employment. **४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ ।** 5. Sign the employment contract only after reading carefully about the country, company, services and facilities you are going to And keep a copy of employment contract with yourself. **५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला।** 6. Please use Nepal's Airport while going for Foreign Employment, otherwise there is possibility of being cheated. **६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ।** 7. If you would like to know anything more about this advertisement, please contact Department of Foreign Employment. **७. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सम्पर्क गर्नुहोला ।**

VARSHA MANPOWER PVT. LTD.
Lic No.: 954/067/068
Basundhara, Kathmandu, Nepal, Tel : 01-5906944, 5908044, 9803903060 (Rabin Megale Magar)Email: info@varshanepal.com, Website: www.varshanepal.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

गोपनीयताको सीमा

गोपनीयताको हक नागरिकको मौलिक अधिकार हो । तर, व्यवहारमा यो अधिकार पटक-पटक उल्लंघन हुँदै आएको छ । प्रहरीले होटलमा छापा मारेर त्यहाँ भेटिएका युवा-युवतीका तस्बिर सार्वजनिक गर्ने घटना हुन् वा स्थानीयले होटलको कोठामा भेटिएका व्यक्तिको भिडियो खिचेर सामाजिक सञ्जालमा भाइरल बनाउने घटना, दुवै प्रवृत्तिले एउटै प्रश्न उठाएका छन्– निजी जीवनको सीमा कहाँसम्म सुरक्षित छ ? काभ्रेको भकुन्डेबेसीमा एक प्रहरी अधिकृत र युवती होटलमा सँगै भेटिएको घटनाले यही बहसलाई फेरि सतहमा ल्याएको छ ।

स्थानीय युवाले होटलको कोठा खोल्न लगाएर मोबाइलमा भिडियो खिचे । महिलाले आफ्नो अनुहार छोप्न खोज्दाखोज्दै पनि उनको पहिचान खुल्नेगरी भिडियो सार्वजनिक भयो । त्यसपछि भिडियो सामाजिक सञ्जालमा भाइरल पारियो । यो घटनाको एकातर्फ प्रहरी अधिकृतको आचरण जोडिएको छ । सार्वजनिक पदमा बसेको व्यक्तिको गतिविधिमा जनचासो हुनु स्वाभाविक हो । प्रहरीले पदीय मर्यादा र आचरण उल्लंघन गरेका हुन् वा होइनन्, त्यसको छानबिन हुनुपर्छ । दोष देखिए कारबाही पनि हुनुपर्छ । सँगै, अर्को पाटो झन् धेरै संवेदनशील छ । दुवै व्यक्ति वयष्क हुन् । उनीहरूबीचको सम्बन्ध आपसी सहमतिमा भएको हो भने होटलमा सँगै बसेकै आधारमा त्यसलाई अपराध भन्न मिल्दैन । व्यक्तिगत सम्बन्ध सामाजिक मर्यादा र आचरणको विषय हुन सक्छ, तर त्यसैलाई अपराधको प्रमाणझैं प्रस्तुत गर्न मिल्दैन ।

वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ले व्यक्तिको निजी जीवन, यौनिकता र यौन सम्बन्धलगायत विषयको गोपनीयता संरक्षण गरेको छ । होटलको कोठासमेत आवासको परिभाषामा समेटिएको छ । व्यक्तिको मञ्जुरीबिना निजी विषयलाई बेइज्जत वा आघात पुग्ने गरी सार्वजनिक गर्न नहुने कानुनी व्यवस्था छ । त्यसैले भिडियो खिचेर पहिचान खुलाउने र सामाजिक सञ्जालमा फैलाउने कामलाई सामान्य ठट्टा वा नागरिक निगरानीका रूपमा लिन मिल्दैन । यही सन्दर्भमा प्रहरीले पनि आत्मसमीक्षा गर्नुपर्छ । प्रहरीले होटलमा छापा मार्दा त्यहाँ भेटिएका व्यक्ति पक्राउ गर्ने र तस्बिर, भिडियो भाइरल हुनेगरी कारबाही अघि बढाउने अभ्यासको कानुनी आधार र औचित्य स्पष्ट हुनुपर्छ । कानुन कार्यान्वयन गर्ने निकायले नै नागरिकको गोपनीयताको सीमा मिच्यो भने कानुनी शासन कमजोर हुन्छ ।

सार्वजनिक पदमा रहेका व्यक्तिको जवाफदेहिता आवश्यक छ, तर त्यसको अर्थ उनीहरूको निजी जीवन सार्वजनिक सम्पत्ति हो भन्ने होइन । आरोप लाग्दैमा कोही दोषी हुँदैन । गोपनीयताको हक सबैका लागि बराबर हुनुपर्छ– प्रहरीका लागि पनि, नागरिकका लागि पनि । अनुसन्धानको निष्कर्ष आउनुअघि व्यक्तिको प्रतिष्ठा र गोपनीयता जोगाउनु राज्य, सञ्चारमाध्यम र नागरिक सबैको दायित्व हो । सार्वजनिक चासो र निजी जीवनबीचको सीमा छुट्याउनैपर्छ ।

पेसा फेरियो, दलन फेरिएन

नेपालको सामाजिक रूपान्तरणको असली परीक्षा दलितलाई पुरानो पेसाबाट मुक्त गरियो कि गरिएन भन्ने मात्र होइन । उनीहरू आफ्नो श्रमको मालिक बने कि बनेनन्, आफ्नो सीपको मूल्य पाए कि पाएनन्, राज्यका अवसरमा बराबरी पुगे कि पुगेनन् र आफ्ना सन्तानले जातभन्दा माथि उठेर जीवनसाथी रोज्दा समाजले स्वीकार गऱ्यो कि गरेन भने हो ।

अग्रलेख

● राजेश विद्रोही

नेपालमा सामाजिक विभेदको इतिहास विडम्बनापूर्ण छ । जुन वर्ग, जाति, क्षेत्र, लिंग र समुदायले पुस्तौंदेखि आफ्नो श्रम, सीप र उत्पादनबाट समाजको दैनिक जीवन सञ्चालनमा सहज गरे । आज उनीहरू नै समाजमा सामाजिक सम्मान, सामूहिक अवसर र समानताबाट सबैभन्दा बढी वञ्चित छन् । यतिसम्म कि उनीहरूको परम्परागत पेसा, श्रम र सीप आधुनिक बजारमा मूल्यवान् बन्दै गएपछि त्यसको आर्थिक लाभ कथित उच्च समुदायले लिन थालेका छन् । पेसा फेरिएको छ, प्रविधि फेरिएको छ, बजार फेरिएको छ, तर विभेद र विभेदकारी मानसिकता भने अपेक्षित रूपमा फेरिन सकेको छैन । आजको लोकतान्त्रिक समाजमा यसले एउटा गम्भीर प्रश्न र बहस जन्माएको छ । दलित शिल्पी समुदाय आफ्नो पेसा र श्रमबाट मात्र वञ्चित भएका छन् कि आफ्नो पेसा र श्रमको स्वामित्वबाट पनि वञ्चित छन् ? र, अहिलेको आधुनिकताले उनीहरूलाई विभेदबाट मुक्त गऱ्यो कि उनीहरूको परम्परागत पेसा नै खोस्यो ?

जातीय व्यवस्थामा आधारित बलियो नेपाली समाज र यहाँको सामाजिक संरचनामा पेसा र जातबीच लामो समयसम्म गहिरो सम्बन्ध छ । कामका आधारमा समुदायहरूलाई वर्गीकृत गरियो र त्यसलाई जन्म र मृत्युसँग जोडेर पुस्तान्तरण गरियो । पहाडमा कामी, दमाई, सार्की, गाइनेलगायत समुदायका परम्परागत जातीय सीप र श्रम समाजका लागि अपरिहार्य थिए । कामी लोहार तथा धातुका काममा, दमाई कपडा सिलाउने र बाजा बजाउने काममा तथा सार्की छाला र जुत्ता बनाउने काममा परिचित थिए ।

यस्तै, मधेसमा पनि डोम, दुसाध, चमार, मुसहर, बाँतर, खत्वे, धोबीलगायत समुदायलाई जातिगत पेसाका आधारमा वर्गीकृत गरियो । चमारले छाला, जुत्ता तथा बाजागाजाको काम गर्थे । दुसाधले नाचगानलगायत काम गर्थे । मुसहर र बाँतरले माटो तथा श्रमसँग सम्बन्धित काम गर्थे । धोबीले कपडा धुने काम गर्थे । डोमले बाँसका सामग्री बनाउनेदेखि मृतकको शव जलाउनेसम्मका काम गर्थे । यस्ता विभिन्न अध्ययन तथा अनुसन्धानले पनि यी समुदायका परम्परागत पेसा जातीय संरचनासँग जोडिएको र उनीहरू श्रम गरे पनि सामाजिक रूपमा न्यून दर्जामा राखिएको देखाएका छन् । अर्थात्, उनीहरूको श्रम समाजका लागि आवश्यक थियो । तर, उनीहरूको सामाजिक हैसियत स्वीकार्य थिएन । यही नै नेपाली जातीय वर्ण व्यवस्थाको सबैभन्दा ठुलो विरोधाभास हो ।

कपडा सिलाउन दमाई चाहिन्थ्यो, तर उसलाई घरभित्र प्रवेश गर्ने अधिकार थिएन । हलो, कोदालो, हँसिया र कृषि औजार बनाउन कामी चाहिन्थे, तर उसले छोएको पानी अशुद्ध मानिन्थ्यो । जुत्ता बनाउन चमार र सार्की चाहिन्थे, तर उनीहरूलाई सामाजिक रूपमा अछुत बनाइन्थ्यो । उनीहरूले बनाएका वस्तु प्रयोग गर्न हुन्थ्यो, तर उनीहरूले समान नागरिकको व्यवहार पाउँदैनथे । यो केवल सामाजिक अपमान मात्र थिएन, यो श्रम र श्रमिकमाथिको कठोर तथा अमानवीय संरचनात्मक नियन्त्रण पनि थियो ।

परम्परागत ग्रामीण अर्थतन्त्रमा 'बालीघरे'जस्ता व्यवस्थाले दलित शिल्पी समुदाय र गैरदलित परिवारबीच आर्थिक सम्बन्ध बनाएको थियो । तर, त्यो सम्बन्धमा बराबरीको आर्थिक कारोबार थिएन । यतिसम्म कि श्रमिकसँग आफ्नो श्रमको उचित मूल्य निर्धारण गर्ने अधिकारसमेत थिएन । उनीहरू उत्पादन गर्थे, तर त्यसको मूल्य कथित उच्च समुदायका मालिकले निर्धारण गर्थे । उनीहरू सेवा गर्थे, तर सामाजिक प्रतिष्ठा पाउँदैनथे । उनीहरूले सीप पुस्तान्तरण गर्थे, तर त्यो सीपलाई औपचारिक ज्ञानको मान्यता दिइएन । उनीहरूले सीपबाट समाज चलाए, तर समाजको नेतृत्व गर्ने अवसर पाएनन् ।

पेसा बदलियो, तर स्वामित्व आएन

समय बदलियो । गाउँको परम्परागत अर्थतन्त्र बिस्तारै बजार अर्थतन्त्रमा बदलियो । हातले बनाउने वस्तुको स्थान मेसिनले लिन थाल्यो । सिलाइ व्यवसाय उद्योगमा बदलियो । फलामका औजार कारखानामा उत्पादन हुन थाले । छालाका सामग्री उद्योग र ब्रान्डमा परिणत भए । संगीत र बाजागाजाको क्षेत्र व्यावसायिक भयो । जुन सीपलाई पुस्तौंसम्म दलित शिल्पी समुदायले जोगायो, आज त्यही उत्पादन आधुनिक बजारमा फेरिएपछि त्यसको व्यावसायिक मूल्य पनि बढ्यो । तर, त्यसको स्वामित्व र लाभ भने दलित शिल्पी समुदायले पाउन सकेन । अर्थात् पेसा फेरियो, तर दलन फेरिएन । युगसापेक्ष विभेद पुस्तान्तरण भयो ।

एक समय 'तल्लो जातको काम' भनेर हेपिएका पेसाहरू आज व्यवसाय, उद्योग र उद्यमका रूपमा स्थापित भइरहेका छन् । जुत्ता बनाउने काम 'सार्कीको काम' मात्र रहेन, त्यो ठुलो बजार भएको व्यवसाय बन्यो । कपडा सिलाउने काम 'दमाईको पेसा' मात्र रहेन, फेसन उद्योग बन्यो । धातु तथा हस्तकलाको काम 'कामीको काम' मात्र रहेन, उद्योग र कलाका रूपमा स्थापित भयो । बाजागाजा तथा नाट्यकलाको काम सार्की र चमारको काम मात्र रहेन, आधुनिकीकरण भयो । तर, विडम्बना के छ भने पेसा आधुनिक भयो, तर पेसा गर्ने व्यक्ति आधुनिक समानतामा पुगेन । यसले आजको आधुनिक समाजलाई गम्भीर मोडमा झन् पुऱ्याएको छ । दलित शिल्पी समुदाय आफ्नो पेसा श्रमबाट वञ्चित भयो, तर विभेदबाट वञ्चित हुन सकेको छैन ।

तथ्यांकले बोलेको असमानता

राष्ट्रिय जनगणना २०७८ले नेपालमा पहाडी दलितको जनसंख्या २५ लाख छ हजार ६१२ अर्थात् ८.५९ प्रतिशत र मधेसी दलितको जनसंख्या १३ लाख ९२ हजार ३७८ अर्थात् ४.७८ प्रतिशत देखाएको छ । अर्थात् यी दुई समूह जोड्दा दलितको जनसंख्या ३८ लाख ९८ हजार ९९० पुग्छ । विश्वकर्मा १४ लाख ७० हजार १०, परियार ५ लाख ६५ हजार ९३२ र मिजार चार लाख ५२ हजार २२९ जनसंख्याका ठुला पहाडी दलित समुदाय हुन् । तराईतर्फ चमार/हरिजन/राम तीन लाख ९३ हजार २५५, मुसहर दुई लाख ६४ हजार ९७४ र दुसाध/पसवान/पासी दुई लाख ५० हजार ९७७ जनसंख्या भएका प्रमुख समुदाय हुन् । उनीहरूको बाक्लो जनसंख्या हुनु, तर राज्यका अवसरमा उनीहरूको समान पहुँच हुन नसक्नु अदृश्य विभेदको ठुलो लोकतान्त्रीकरण भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनले पनि दलित समुदायको जनसंख्याको आधारमा राज्य संयन्त्रमा समान प्रतिनिधित्व निकै कम रहेको उल्लेख छ । उक्त प्रतिवेदनअनुसार निजामती सेवामा दलित प्रतिनिधित्व करिब दुई प्रतिशत, नेपाल प्रहरीमा नौ प्रतिशत, नेपाली सेनामा आठ प्रतिशत र न्यायपालिकामा एक प्रतिशत मात्र रहेको छ । सोही प्रतिवेदनमा कोभिड-१९को समयमा अभिलेख भएका दलित मानवअधिकार उल्लंघनका घटनामध्ये ३१ प्रतिशत जातीय विभेदसँग सम्बन्धित रहेको छ । यसले के देखाउँछ भने समस्या केवल 'पुरानो पेसा'को होइन । समस्या समान अवसर, स्रोत, शिक्षा, रोजगारी, प्रतिनिधित्व र सामाजिक न्याय र सम्मानमा ठुलो को छ भन्ने हो ।

कानुन फेरियो, मानसिकता फेरिएन

नेपालको संविधानले जातीय आधारमा हुने सबैखाले विभेद र छुवाछुतलाई निषेध गरेको छ । जात, जाति, समुदाय वा पेसाका आधारमा हुने विभेद कानुनी रूपमा निषेध गरिएको छ । छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ ले सार्वजनिक तथा निजी जीवनमा जातीय आधारमा गरिने छुवाछुत, बहिष्कार र विभेदलाई दण्डनीय बनाएको छ । तर, कानुन बन्नु र सामाजिक चेतना बदलिनु एउटै कुरा होइन ।

राष्ट्रिय मानव अधिकार आयोगकै पुरानो अध्ययनले पीडितहरू आर्थिक निर्भरता, सामाजिक दबाब र चेतनाको अभावका कारण विभेदका घटना उजुरी गर्न हिचकिचाउने गरेको देखाएको छ । आयोगले यसलाई विभेदबाट वञ्चिती र वञ्चितीबाट पुनः विभेद पैदा हुने चक्रका रूपमा औंल्याएका छन् । अर्थात् विभेद केवल एउटा व्यक्तिको व्यवहार होइन, यो आर्थिक निर्भरता, सामाजिक सम्बन्ध, विवाह, शिक्षा, रोजगारी, सहभोज, धार्मिकस्थलमा सामूहिक प्रवेश र राजनीतिक शक्तिसँग गाँसिएको संरचनात्मक समस्या हो ।

जातीय पेसा होइन, अधिकार

दलित शिल्पी समुदायलाई फेरि पुरानै जातीय पेसामा फर्काउने होइन । आधुनिक समाजले सबै पेसालाई खुला, सम्मानित र बजारमुखी बनाउनुपर्छ । कामीको सीप केवल 'कामीको काम' होइन, त्यो आधुनिक धातु उद्योग, इन्जिनियरिङ र हस्तकलाको आधार बन्न सक्छ । दमाईको सिलाइ सीप फेसन उद्योग र उद्यमशीलतासँग जोडिन सक्छ । सार्की र चमारको छाला प्रशोधन र जुत्ता निर्माणको ज्ञान आधुनिक उद्योगमा रूपान्तरण हुन सक्छ । तर, त्यसका लागि राज्यले केवल आरक्षणको संख्या गन्ने होइन, सीप, पुँजी, प्रविधि, बजार र स्वामित्वमा पनि पहुँच सुनिश्चित गर्नुपर्छ । परम्परागत सीपको दस्तावेजीकरण, प्राविधिक शिक्षा, सहुलियतपूर्ण ऋण, उत्पादनमा सहकारी वा सामुदायिक स्वामित्व, ब्रान्ड निर्माण, बजार पहुँच र सरकारी खरिदमा प्राथमिकताजस्ता कार्यक्रम आवश्यक छन् । परम्परागत शिल्पलाई 'गरिबको पेसा' होइन, राष्ट्रिय उत्पादन र सांस्कृतिक सम्पदाका रूपमा पुनःपरिभाषित गर्नुपर्छ र विभेदलाई व्यवहारमै न्यूनीकरण गर्दै जानुपर्छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा के छ भने श्रमको सम्मान र श्रमिकको सम्मानलाई अलग गर्न मिल्दैन । जुन हातले समाजका लागि जुत्ता बनायो, त्यस हातलाई अपमान गरेर जुत्ताको मूल्य बढाउन सकिँदैन । जुन हातले औजार बनायो, त्यस हातलाई अछुत बनाएर आधुनिक उद्योगको गौरव गर्न सकिँदैन । जुन हातले कपडा सिलायो, त्यस हातलाई जातका आधारमा तल राखेर फेसन उद्योगको आधुनिकता पूरा हुँदैन । जुन श्रम र पसिनाले जंगल फाँडेर जमिन बनायो, उनीहरूलाई भूमिहीन सुकुम्वासी बनाउनुहुँदैन ।

नेपालको सामाजिक रूपान्तरणको असली परीक्षा दलितलाई पुरानो पेसाबाट मुक्त गरियो कि गरिएन भन्ने मात्र होइन । उनीहरू आफ्नो श्रमको मालिक बने कि बनेनन्, आफ्नो सीपको मूल्य पाए कि पाएनन्, राज्यका अवसरमा बराबरी पुगे कि पुगेनन् र आफ्ना सन्तानले जातभन्दा माथि उठेर जीवनसाथी रोज्दा समाजले स्वीकार गऱ्यो कि गरेन भने हो । किनभने नेपालले अब जातीय पेसाको विगतबाट आर्थिक समानताको भविष्यतर्फ जानुपर्छ । पेसा बदलियो, तर जातीय दृष्टि बदलिन सकेन भने त्यो रूपान्तरण होइन, विभेदको नयाँ रूपान्तरण मात्र हो । त्यसैले आजको सबैभन्दा असहज तर निर्णायक प्रश्न भनेको दलित शिल्पी समुदायको पेसालाई व्यावसायिक रूपमा आधुनिकीकरण त गरियो, तर उनीहरूलाई अमानवीय विभेदबाट मुक्त गरेर उनीहरूको जीवनलाई आधुनिकीकरण किन गर्न सकिएन ? रासस

जनताको निगरानीमा बालेन सरकार

विचार

● टीकाराम खड्का

रास्वपा नेतृत्वको शक्तिशाली सरकारले आधारभूत सेवामै कर थोपरेर भुइँमान्छेका मुद्दा ओझेलमा पारेको छ । जनअपेक्षाविपरीतको बजेट, आन्तरिक खपत घटाउने विद्युत् कर र जलविद्युत्मा बढ्दो भूराजनीतिक चुनौतीका कारण दुईतिहाइनजिकको सरकार सर्वसाधारणमैत्री हुन नसकी जनआक्रोश र असन्तोषको घेरामा परेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार संसद्मा झन्डै दुईतिहाइनजिकको बहुमतमा छ । तर, यो शक्तिशाली सरकार शक्तिहीनताको अवस्थामा किन छ ? सरकार सर्वसाधारणमैत्री किन हुन सकेन ? सार्वजनिक प्रश्नको सामना गर्दै जनताका वास्तविक मुद्दामा पहाड, हिमाल र तराईका झुपडीसम्म सरकार किन पुग्न सक्दैन ? नेपाली नागरिकले निरन्तर सोधिरहने यी प्रमुख र अहम् प्रश्न हुन् । देशमा सरकार छ, तर विपन्नको घरमा त्यसको उपस्थिति छैन । राज्य छ, तर नागरिकता वा राष्ट्रिय परिचयपत्र साथमा नभए नागरिकको कुनै अस्तित्व महसुस हुँदैन । यो केवल शासकीय कमजोरी मात्र नभई असफल सिद्ध भइसकेका अभ्यासमा हिंड्ने तृप्त शासकीय शैलीको निरन्तरता हो ।

दैनिक उपभोग्य वस्तुको भाउ अकासिएको छ । विश्वबजारमा देखिएको संकट र युद्धका कारण यो पूर्ण रूपमा अस्वाभाविक नभए पनि भारतवेष्ठित मुलुक भएका नाताले भोग्नुपर्ने यस्ता समस्या न्यूनीकरणका लागि सरकारले ठोस उपाय भने अवलम्बन गर्नुपर्ने हुन्छ । स्थानीय उत्पादनमा जोड दिने र रोजगारीका नयाँ अवसर सिर्जना गर्नेतर्फ सरकारको ध्यान पुग्न सकेको छैन । प्रतिनिधिसभा बैठकमा रास्वपाका सांसद राजीव खत्रीले कमजोरी देखाएर खबरदारी गर्न आह्वान गर्दै केही पनि भएको छैन भन्ने झुटो भाष्य निर्माण गरेर निराशाको आगो नझोस्न आग्रह गरेका थिए । अर्कोतर्फ, रास्वपाकै वरिष्ठ नेता तथा प्रधानमन्त्री बालेन्द्र शाहले संसद्मा ३५ वर्षमा नभएको काम ३५ मिनेटमा खोज्ने ? भन्दै प्रश्नकर्ताहरूलाई नै प्रश्न गरेका थिए । तर, महँगी र ग्यास अभाव भोगिरहेका जनतामा यति धेरै धैर्य छैन ।

यस्ता बहसका बीच सरकार किन जनपक्षीय बन्न सकेन भन्नेबारे विद्युत् क्षेत्रमा लगाइएको कर, यसमा भएको भूराजनीति र हाम्रो हविगतलाई उदाहरणका रूपमा लिन सकिन्छ । नेपाल विद्युत् प्राधिकरणले ४१औं वर्ष पुगेको उपलक्ष्यमा सार्वजनिक गरेको प्रतिवेदनअनुसार कुल जडित विद्युत् उत्पादन क्षमता ४,१२० मेगावाट पुगेको छ । यसै आर्थिक वर्षमा मात्रै ५२९ मेगावाट विद्युत् थपिएको छ । कुल ५९ लाख २७ हजार ग्राहक प्रबन्ध गर्दा घरेलु ग्राहकको हिस्सा ९०.६४ प्रतिशत र औद्योगिक ग्राहकको हिस्सा १.२० प्रतिशत छ । विद्युत् व्यापारतर्फ नेपालले १० अर्ब ५६ करोड रुपैयाँको विद्युत् आयात गर्दा २९ अर्ब ३१ करोड रुपैयाँको विद्युत् निर्यात गरेको छ ।

तर, दुःखद पक्ष के छ भने सरकारले तिनै ९१ प्रतिशत घरेलु ग्राहकबाट कर असुल्ने नीति लियो । विद्युत् उपयोगको दरले जनताको जीवनस्तर मापन गर्ने भए पनि आधारभूत आवश्यकताकै रूपमा रहेको बिजुलीमा कर थोपेर सरकारले जनतालाई कस्न खोजेको छ । यस नीतिको सर्वत्र विरोध भइरहेको छ । सिके राउतले सरकारले जुनसुकै आए पनि शिक्षा, स्वास्थ्य र बिजुलीमा सहुलियत दिने बाचा गर्ने, तर व्यवहारमा तिनै आधारभूत कुरामा कर थोपर्ने गरेको भन्दै आक्रोश पोखेका छन् । ग्यास नपाइने र बिजुलीमा उल्टै कर थपिने अवस्थाले जनतालाई भोकै राख्ने र यसले ठुलो विद्रोह निम्त्याउने चेतावनी उनले दिएका छन् ।

त्यसैगरी, नेपाललाई लोडसेडिङमुक्त बनाउने अभियानका अगुवा कुलमान घिसिङले पनि किसानले प्रयोग गर्ने सिँचाइको बिजुलीमा १३ प्रतिशत भ्याट थप्नु संवेदनशील विषय भएको बताएका छन् । जनदबाबपछि शिक्षा र स्वास्थ्यबाट भ्याट हटाइए पनि विद्युत्मा कायमै राखिनु अन्यायपूर्ण छ । ग्यासको लाइन बस्नुपर्ने बाध्यतामा ५० प्रतिशत सस्तो पर्ने इन्डक्सन चुलो र विद्युतीय सवारी (इभी)को प्रयोग बढाउनुपर्नेमा ट्रान्सफर्मर पड्किने भ्रम फैलाएर विद्युत् खपत निरुत्साहित गरिएको उनको तर्क छ । उद्योगधन्दा पर्याप्त नभएको नेपालमा सर्वसाधारण नै मुख्य स्रोत भएकाले विद्युत्मा कर लगाउँदा आन्तरिक खपत घट्ने र आर्थिक भार थपिने निश्चित छ ।

विद्युत्मा कर लगाएको विषयलाई लिएर सरकारका मन्त्रीहरूबीच नै मतभेद

देखिएको छ । ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले विद्युत्मा कर लगाइएपछि महसुल घटाएर भए पनि जनतालाई अतिरिक्त भार नपार्न अर्थ मन्त्रालयलाई भनेको दाबी गरेका छन् । यता, चौतर्फी प्रश्नपछि अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले करको सीमा ५० युनिटबाट १०० वा १५० सम्म पुऱ्याउन सकिने लचिलो जवाफ दिएका छन् । यसले मन्त्रीहरूकै तालमेल नमिलेको प्रस्ट पार्छ । शिक्षा र स्वास्थ्यको कर फिर्ता लिनुपर्ने बाध्यात्मक स्थितिले पनि बजेट जनमैत्री नभएको प्रमाणित गरिसकेको छ ।

अर्थमन्त्री डा.स्वर्णिम वाग्ले सोफेस्टिकेटेड राजनीतिबाट उदाएका पात्र हुन् । बूढानीलकण्ठको शिक्षादेखि विश्व बैंकको जागिर हुँदै सत्ता सञ्चालनसम्म पुगेका उनी नेपालको अर्थ-सामाजिक मनोविज्ञान र रित्तिँदै गएका पहाडी बस्तीका वास्तविकतासँग टाढा छन् । उनले ल्याएको बजेटमा न्यूनतम २ करोड रुपैयाँसम्म लगानी गर्ने उद्यमीलाई ४० प्रतिशतसम्म प्रोत्साहन अनुदान दिने व्यवस्था गरिएको छ । तर, न्यूनतम वार्षिक १० लाख आम्दानी गर्नेले १ प्रतिशत मात्रै आयकर तिर्ने मुलुकमा कुन साधारण किसानले २ करोड लगानी गर्न सक्छ ? यो नीतिले सम्भ्रान्त वर्गलाई मात्र फाइदा पुऱ्याउँछ र भुइँमान्छेको हित गर्दैन ।

दोस्रो महत्त्वपूर्ण पक्ष,
नेपालको जलविद्युत् भूराजनीतिक चपेटोमा फसेको छ । भारतलाई १० हजार मेगावाट र बंगलादेशलाई केही मेगावाट विद्युत् बेच्ने सम्झौता भए पनि चिनियाँ लगानी वा संलग्नता रहेका आयोजनाको बिजुली नकिन्ने भारतीय रणनीतिले नेपाली विद्युत् व्यापारलाई अन्योलमा पारेको छ । आन्तरिक खपत बढाउनुको साटो सरकार आफैं विद्युत्मा कर लगाएर खपत घटाउने उल्टो बाटोमा हिँडिरहेको छ ।

सुरक्षित ऊर्जा आजको विश्वको शक्ति हो । चीनले खुला बजार नीति र विदेशी लगानी प्रोत्साहित गर्दै आजको समृद्धि हासिल गरेजस्तै नेपालले पनि आफ्ना मौलिक र असंलग्न परराष्ट्र नीतिमा बुद्ध कूटनीतिलाई जोड्दै अघि बढ्नुपर्छ । दुवै विशाल छिमेकी भारत र चीनसँगको सन्तुलित सम्बन्धका आधारमा समृद्धिको बाटो तय नगरे हामी कलकल बग्ने खोलामा आफ्ना प्रियजन गुमाउने र तिनकै किनारमा अन्तिम संस्कार गर्ने नियतिमै सीमित हुनेछौं । दुईतिहाइनजिकको सरकारले जनविरोधी नीति त्यागेर भुइँमान्छेको हितमा काम नगरे जनआक्रोश अझै चर्कँदै जानेछ ।

इतिहासको पाना

● सुनिल उलक

नेपालमा पहिलो विमान अपहरण

वि.सं. २०३० जेठ २८ गते अपहरित शाही नेपाल वायुसेना निगमको ट्वीनअटर विमान

नेपाली वायुसेवाको इतिहासमा नेपालीद्वारा नै विमान अपहरण गरिएको एक मात्र घटना २०३० जेठ २८ गते घटेको थियो । पञ्चायतविरुद्ध संघर्षरत नेपाली कांग्रेसलाई आर्थिक संकट परेपछि दुर्गा सुवेदीको नेतृत्वमा नगेन्द्र ढुंगेल र वसन्त भट्टराईले विमान अपहरणको योजना बनाएका थिए ।

नेपाल राष्ट्र बैंकको विराटनगर शाखामा कार्यरत मदन अर्यालले भारत अत्तरियाबाट खरिद गरिएको ३० लाख भारतीय रुपैयाँ काठमाडौं लैजान लागिएको गोप्य सूचना दिएका थिए । सोही आधारमा जेठ २८ गते बिहान ८:३० बजे विराटनगरबाट काठमाडौंका लागि उडेको शाही नेपाल वायुसेवा निगमको ट्विनएटर नाइनएन-एबीवी विमानलाई उडेको पाँच मिनेटमै हतियारधारी अपहरणकारीहरूले नियन्त्रणमा लिए । अपहरणकारी सुवेदीले यात्रु सिपी लोहनीसँग बिरामी परेको बहाना बनाएर टिकट लिएका थिए ।

क्याप्टेन आरके मानन्धर, को-क्याप्टेन श्रीदेव वैद्य र परिचारक जिवी राईसहित तीन चालक दल र १९ यात्रु (जसमा भारतीय नायिका माला सिन्हा पनि थिइन्) सवार उक्त विमानलाई अपहरणकारीले भारतको बिहारस्थित फारबिसगन्जको पुरानो घाँसेमैदानमा अवतरण गराए । त्यहाँ पहिले नै प्रतीक्षामा रहेका सुशील कोइराला, बिनोद अर्याल, मनहरि बराल, राजेन्द्र दाहाल र बिरु लामाले रकम भरिएका तीनवटा बाकस निकालेर दार्जिलिङतर्फ लगे । त्यसपछि विमानलाई पुनः विराटनगरतर्फ फर्काइएको थियो ।

राजनीतिक क्रान्तिका लागि गरिएको भनिए पनि अन्तर्राष्ट्रिय स्तरमा यसलाई आतंकवादका रूपमा दर्ता गरियो । पछि सुशील कोइराला नेपालको प्रधानमन्त्री बने भने विमान अपहरणकर्ता दुर्गा सुवेदीकी पत्नी सुशीला कार्की पनि प्रधानमन्त्री बनिन् ।

२०२८ असार ३मा निगमले खरिद गरेको उक्त ३०० सिरिजको ट्विनअटर विमान २०४९मा जुम्लामा सामान्य दुर्घटनामा परेको थियो । मर्मतपछि पुनः सञ्चालनमा आएको सोही विमान २०७० फागुन ४ गते पोखराबाट जुम्ला जाने क्रममा मौसम खराबीका कारण अर्घाखाँचीको मसिने लेकमा दुर्घटनाग्रस्त भयो, जसमा १८ जनाको निधन भयो । अहिले त्यस दुर्घटनाग्रस्त विमानका अवशेषलाई जोडेर सुन्दरीजलस्थित बिपी संग्रहालयमा राखिएको छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

३ वर्षीया बालिकाको बलात्कारपछि हत्या

गाडीका सहचालक पक्राउ

बारा/मस–बाराकोजितपुरसिमरा उपमहानगरपालिकामा एक तीन वर्षीया बालिकाको बलात्कारपछि हत्या गरिएको अवस्थामा शव फेला परेको छ। गत आइतबार बिहानदेखि बेपत्ता भएकी स्थानीय सुकुम्वासी बस्ती दसधुरीकी गरिमा चौधरीको शव मंगलबार साँझ फेला परेको हो। यस घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको छ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा सोही उपमहानगरपालिका–२ का १६ वर्षीय सुमन थापा रहेका छन्, जो वीरगन्ज–पथलैया मार्गमा चल्ने ना१ज ७७५८ नम्बरको म्याजिक भ्यानका सहचालक हुन्। घटनापश्चात् सुमन आफैं प्रहरी र स्थानीयसँग मिलेर बालिका खोज्ने बहाना गरिरहेका थिए। शव भेटिएपछि पनि उनी 'हत्यारालाई जसरी पनि समात्नुपर्छ' भन्दै घटनास्थल वरपर प्रहरीसँगै हिँडडुल गरिरहेका थिए।

तर, मंगलबार साँझ बारा प्रहरीले तालिमप्राप्त कुकुरसहितको टोली ल्याएर अनुसन्धान सुरु गरेपछि कुकुरले सुमनतर्फ संकेत गरेको थियो। कुकुरको सोही इसाराका आधारमा सुमनलाई घटनास्थलबाटै नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय सिमराले जनाएको छ। यसैगरी, प्रहरीले अनुसन्धानकै सिलसिलामा उक्त म्याजिक भ्यानका धनी तथा चालक २४ वर्षीय प्रोग्रेस चौधरीलाई पनि पक्राउ गरेको छ। यद्यपि, थापाले घटनामा आफ्नो मात्र संलग्नता रहेको दाबी गरेका छन्।

मृतक बालिका सुमनले काम गर्ने म्याजिकका चालक चौधरीको घरमा आउजाउ गर्ने गर्थिन्। आइतबार बिहान सुमनले उनलाई ललाइफकाइ गरेर चालककै घरबाट नजिकै रहेको वीरबहादुर रोकाको खाली घरको एउटा कोठामा पुऱ्याएका थिए। त्यहाँ उनले बालिकालाई जबरजस्ती करणी गरेपछि बालिका बेहोस भएकी थिइन्।

प्रहरी बयानमा सुमनले बालिका बेहोस भएपछि उनलाई डोरीमा झुन्ड्याएर त्यहाँबाट फर्किएको र पुनः चालकको घरमै आएको स्वीकार गरेका छन्। सोही दिन दिउँसो पुनः घटनास्थलमा पुगेर उनले बालिकाको शवलाई कपडामा पोको पारेर राखेका थिए। घटनाको दुई दिनपछि उक्त खाली घरबाट दुर्गन्ध आउन थालेपछि मात्र स्थानीयको सूचनाका आधारमा प्रहरी त्यहाँ पुगेको थियो।

तीन वर्षीया गरिमाको यसरी हत्या भएपछि उनको परिवार पूर्ण रूपमा विक्षिप्त बनेको छ। उनकी आमा मानमती चौधरी मंगलबारदेखि नै अर्धचेत अवस्थामा छिन्। क्रूरतापूर्वक गरिएको यस हत्याको विरोधमा स्थानीयवासी आक्रोशित भएका छन्। दोषीलाई कडाभन्दा कडा कारबाहीको माग गर्दै स्थानीयले बुधबार दिउँसो इलाका प्रहरी कार्यालय सिमरा अगाडि प्रदर्शन गरेका छन्। प्रदर्शनका कारण वीरगन्ज–पथलैया सडक खण्डमा दुई घण्टासम्म यातायात पूर्ण रूपमा ठप्प भएको थियो।

दोगडाकेदार गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
देउलेक, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सुनुवाई हुनेबारे सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०४/०३)

दोगडाकेदार गाँउपालिका वडा नं. ६ भएर बग्ने चमेलिया नदीको पञ्ज्युनयाँ र चमतडी क्षेत्र र जमाडी गाडबाट दिगो रुपमा ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्/संकलनका कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, साँस्कृतिक र आर्थिक प्रणालीमा कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न तपसिल बमोजिमको मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई हुने भएकाले त्यस क्षेत्रका सम्बन्धित वडा समिति, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, सरोकारवाला व्याक्ति वा संस्था तथा स्थानिय बासिन्दाहरुलाई सार्वनजिक सुनुवाई कार्यक्रममा सहभागी भई आफ्नो सल्लाह सुझावहरु दिनहुन अनुरोध छ।

तपसिलः

सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थानः

मिति : २०८३/०४/०७ गते आइतबार

समय : दिउँसो १२ बजे

स्थान : पंज्युनयाँ बजार वडा नं. ६

प्रस्तावकको नाम र ठेगानाः	परामर्शदाताको नाम र ठेगानाः
दोगडाकेदार गाँउपालिका	डाइनामिक भिजन इन्जिनियरिंग एण्ड सर्भिसेस प्रा.लि.
गाँउ कार्यपालिकाको कार्यालय	काठमाण्डौ-१०
देउलेक, बैतडी, नेपाल	फोन नं.:९८६०६७२४१४
ई मेल: info@dogdakedarmun.gov.np,	ई-मेल: dynamic.vision40@gmail.com

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८३/०५/०४

मिति २०८३/०४/२८ गते सम्पन्न वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **नहारघाङ्ग कन्स्ट्रक्सन एण्ड ट्रान्स्पोर्ट कम्पनी प्रा.लि.** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने सर्तमा साविक नाम परिवर्तन गरी **प्रतिक्षा इन्फ्रा प्रा. लि (प्रा.लि.नं. ३२४३७४)** कायम गर्ने गरी मिति २०८३/०५/०१ गते कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५९/०९/१० मा दर्ता भएको **प्रा.लि.नं. २२०९६** को **एम.ए.पी अटो वर्ल्ड प्रा. लि.** को मिति २०८३/०४/३२ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्वीडेटरः गोपाल खतिवडा (इजाजत नं. ६१५)
ठेगानाः का.म.न.पा.-९, काठमाण्डौ
सम्पर्कः ९८६३५४२२९०

नेपाल सरकार
वैदेशिक रोजगार विभाग, काठमाडौं
दावी विरोध सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८३/०५/०४

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त श्री **J.S.N. International Pvt. Ltd. (इ.प.नं. १२१४/०७४/७५)** काठमाडौंको सञ्चालक/शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको शेयरहरु दा. खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरि दिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस)** दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

तपशिल

साविकका शेयरधनीहरुको नाम	अब कायम हुने शेयरधनीहरुको नाम
१. सुनिता लामा - (०१ - ४०,०००)	१. लेखनाथ मैनाली - (१ - २०,०००)
	२. विकास विष्ट - (२०,००१ - ४०,०००)

Saudi मा रोजगार

Bouh Al-Mathaq Company for Beverages
पुनः विज्ञापन, पुर्व स्वीकृति मितिः २०८३/१/२४ चलानी नं.: ६०२५५०२६ LT No. 341663

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR	ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Loading and Unloading Worker	5	साधारण	1000	80,८१०।	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिसा शुल्क कसले दिने रकति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५९६।- कामदार आफैले	रु. १,५००।- कामदार आफैले	रु. ७००।- कामदार आफैले	निःशुल्क

अन्तरवार्ता २०८३ भाद्र ११ गते (27 Aug., 2026) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ।

CHERISH OVERSEASE PVT. LTD. Gov. Lic No. 1304/074/075
Samakhusi Town Planning, Kathmandu,Tel: 01-4980414, 4963776
Email : info@cherishovs.com, Website : www.cherishovs.com
Contact Person : 9761729085 (Sweta Thapa)

कतारमा रोजगार

कम्पनी: AAROHI TRADING CONTRACTING AND HOSPITALITY SERVICES शहर: QATAR,DOHA
पूर्व स्वीकृत मितिः २०८२/०८/२९ चलानी नं.: ६०२४८७८९ LT. No.335115 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब QR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cashier	1	0	सम्बन्धित काममा दक्ष	1400	५८६८८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Driver	2	0		1700	७१२६४							
3.	Foreman	1	0		2500	१०४८००							
4.	Labour	3	0		1000	४१९२०							
5.	Supervisor	1	0		2500	१०४८००							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ भदौ ११ गते (27 August 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

